# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यमा त्रिमूर्ति निकेतनको योगदान** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आंशिक प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

नेपाली साहित्यका विशिष्ट साहित्यकार कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा स्थापित त्रिमूर्ति निकेतनको २०६१ साल भदौ ११ गते अनावरण भएको हो । साहित्यका स्रष्टाहरूको एकै ठाउँमा सालिक स्थापना हुनु नै नेपालीहरूका लागि गौरवको कुरा हो । नेपाली साहित्यमा उनीहरूले बेग्लाबेग्लै वा आ-आफ्नो ठाउँबाट पुऱ्याएको योगदानले प्रसिद्धि कमाइसकेको छ भने अहिले आएर त्रिमूर्तिकै नाममा निकेतन स्थापित भई नेपाली भाषा तथा साहित्यमा अपूर्व योगदान दिएको छ । त्रिमूर्ति (लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा)का लेखरचनाहरू अनगिन्ती नै छन्, तर यिनीहरू समग्र एकै ठाउँमा स्थापित गरिसकेपछि यिनीहरूको नाममा स्थापित त्रिमूर्ति निकेतनले नेपाली भाषा तथा साहित्यमा पुऱ्याएको योगदानको अध्ययन, मूल्याङ्कन भएको छैन । यस्ता साहित्यिक संस्थाहरूलाई समाजले संरक्षण गर्नुपर्दछ । यसर्थ यस शोधमा त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अध्ययन गरिएको छ ।

त्रिमूर्ति निकेतन नामक संस्था यस्तो साहित्यिक संस्था हो जुन संस्थामा विशेष गरी नेपाली साहित्यका विशिष्ट प्रतिभा कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाजस्ता प्रतिभासँग सम्बन्धित संस्था हो । यस संस्थाको निर्माणको लागि मरिमेट्ने र यस संस्थालाई अगाडि बढाउनको लागि कम्मर कस्ने विशेष व्यक्ति नरेन्द्रप्रसाद प्रसाई, इन्दिरा प्रसाई र घटराज भट्टराई हुन् ।

## १.४ समस्याकथन

त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अध्ययन गर्नु नै यस शोधको मुख्य समस्या रहेको छ । यही मूल समस्याहरूलाई अगाडि बढाउन निम्नलिखित समस्याहरूको पहिचान गरिएको छ :

-1_ त्रिमूर्तिको परिचय के कस्तो रहेको छ ?

-2_ त्रिमूर्ति निकेतनको संस्थागत परिचय के कस्तो छ ?

-3_ त्रिमूर्ति निकेतनले के कस्तो व्यक्तिको सम्मान गरेको छ ?

-4_ त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा के कस्तो योगदान दिएको छ ?

## १.५ अध्ययनको उद्देश्य

नेपाली भाषासाहित्यको इतिहासमा वि.सं. २००९ सालमा त्रिमूर्ति नामक शब्दले विभूषित त्रिमूर्तिलाई वि.सं. २०६१ सालदेखि विधिवत रूपमा त्रिमूर्ति निकेतनमा अवस्थित गराइएको हो । त्यस निकेतनले नेपाली भाषा साहित्यका लागि विभिन्न रूपमा सहयोग गर्ने साहित्य प्रेमीहरूलाई त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अध्ययन गर्नु रहेको छ ।

बुँदागत रूपमा यस शोधकार्यको उद्देश्य निम्नलिखित रहेका छन् :

-1_ त्रिमूर्तिको परिचय दिनु ।

-2_ त्रिमूर्तिको संस्थागत परिचय दिनु ।

-3_ त्रिमूर्तिबाट सम्मानित र पुरस्कृत व्यक्तिको नाम लेख्नु ।

-4_ त्रिमूर्ति निकेतन नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका प्रतिभासँग सम्बन्धित त्रिमूर्ति निकेतनका बारेमा केही पत्रपत्रिका तथा एक दुईवटा कृतिहरूमा सामान्य रूपमा परिचय र टिप्पणी मात्र भएको पाइन्छ । तर त्यसको बारेमा सुव्यवस्थित तथा विस्तृत रूपमा अध्ययन अनुसन्धान भएको पाइँदैन । छिटफुट रूपमा त्यस संस्थाको बारेमा यस अघि भएका अध्ययन चर्चा परिचर्चालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

ईश्वरबल्लभले **कान्तिपुर दैनिक** (२०६१ भदौ ११ गते) मा "उदाहरणीय इतिहास" शीर्षक लेखमा त्रिमूर्ति निकेतन निर्माणकर्ता र त्रिमूर्ति निकेतनको बारेमा जानकारी दिएका छन् ।

कुमार यात्रुले **राजधानी दैनिक** (२०६१ भदौ ११ गते) मा "साहित्यिक त्रिलोकेश" शीर्षकको लेखमा त्रिमूर्ति निकेतनलाई नेपाली वाङ्मयका उपासक यी महान् व्यक्तित्वले आफ्नो नश्वर देहको त्याग गरे पनि उनको योगदान नेपाली माटोमा सगरमाथा भएर उभिएको छ भन्दै त्रिमूर्ति निकेतनलाई सगरमाथाको रूपमा हेरेका छन् ।

युवराज नयाँघरेले **जनभावना साप्ताहिक** (२०६१ भदौ १४ गते सोमबार) मा "आस्थाको नमुना" शीर्षक दिएर भाषा साहित्यमा सिङ्गो जीवन अर्पेका साधकहरूले पाउने सद्भाव र गौरवानुभूतिको एउटा पक्ष पनि हो यो मूर्ति प्रतिष्ठान भनेका छन् ।

देवीप्रसाद सुवेदीले **युग संवाद साप्ताहिक** (२०६१ भदौ २२ गते) मा "ऐतिहासिक महायज्ञ" शीर्षकको लेखमा 'मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन" जस्ता मानवतावादी महान् उक्तिहरूले सार्थकता पाएको त्यस दिनको प्रशंसा गरेका छन् ।

नरेन्द्रराज प्रसाईले **मधुपर्क** (२०६१ मंसिर) "कसरी बन्यो ?" भन्ने लेखमा त्रिमूर्ति निकेतन बनाउँदाको शारीरिक, आर्थिक विविधता सामान्य चित्रण गरेका छन् ।

श्रीओम श्रेष्ठ रोदनले **मधुपर्क** (२०६१ मंसिर) मा "सार्थक सन्देश" शीर्षक दिएर त्रिमूर्ति निकेतन निर्माणमा होस्टेमा हैंसे गर्ने सबै दानवीर, मनवीरहरूले गरेको सहयोगको प्रसंसा गरेका छन् ।

वसन्तकुमार चौधरीले **जनधारणा साप्ताहिक** (२०६१ चैत्र ४) मा "जिउँदो उदाहरण" शीर्षक दिएर 'मानिसले आँट्यो भने असम्भव केही छैन' भन्ने सत्यको जिउँदो उदाहरण हो यो त्रिमूर्ति निकेतन भनेका छन् ।

त्रिमूर्ति निकेतनका बारेमा उल्लिखित समान्य टिप्पणी त्यस संस्थाको विषयमा यस्ता छिटफुट लेखरचना, टिप्पणी पाइनाले त्यो संस्था नेपाली भाषा साहित्यको एक विशेष स्थल रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । वास्तवमा यो संस्थाका विषयमा लेखिएका यति थोरै अध्ययन, लेख रचनाले त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको पूरा विवरण पाउन सकिँदैन त्यसैले यो शोधकार्य गरिएको हो ।

## १.७ शोधकार्यको औचित्य

आफू जीवित अवस्थामा रहँदा नेपाली साहित्यमा आफ्नो दिलोज्यान दिएर लागेका नेपाली भाषा साहित्यका त्रिमूर्ति नेपाली साहित्यका उल्लेख्य व्यक्ति हुन् । नेपाली साहित्यमा पुऱ्याएको योगदान देशविदेश लगायत सरकारी तथा गैरसरकारी संस्थामार्फत् नेपाली समाज तथा भाषासाहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । यसरी नेपाली समाजका विशेष प्रतिभा तथा व्यक्तिलाई समाजले हराउन दिनुहुँदैन । यसर्थ यस शोधकार्यले त्रिमूर्ति निकेतनले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको अध्ययन गर्नु निकै औचित्यपूर्ण नै देखिन्छ । यस्ता साहित्यिक संस्थाहरूको शोधखोज नगर्ने हो भने त्यस्ता संस्था निर्माण गर्नेहरूको मनोबल पनि हराउँछ ।

### १.८ शोधकार्यको सीमाङ्कन

यो शोधपत्र त्रिमूर्ति निकेतनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अध्ययनमा आधारित छ । त्रिमूर्ति निकेतन स्थापनाकालदेखि हालसम्मका त्यसका गतिविधिको विश्लेषण र मूल्याङ्कन नै यसको सीमा हो ।

### १.९ शोधविधि

सामाग्री सङ्कलन विधि

यस शोधकार्य गर्ने क्रममा विभिन्न विधिहरूको अनुसरण गरिएको छ । संस्थागत अध्ययनका बारेमा शोध गरिएको हुँदा संस्थासँग सम्बन्धित व्यक्तिसँग प्रत्यक्ष सम्पर्क राखी अन्तर्वार्तालाई सामग्री सङ्कलनको प्रमुख आधार बनाइएको छ । शोधलेखनमा आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक दुवै पद्धतिको प्रयोग गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

(१) पहिलो परिच्छेद : शोधपरिचय

(२) दोस्रो परिच्छेद : त्रिमूर्तिको परिचय

(३) तेस्रो परिच्छेद : त्रिमूर्तिको संस्थागत परिचय

(४) चौथो परिच्छेद : त्रिमूर्ति निकेतनको साहित्यिक योगदान

(५) पाँचौं परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

## त्रिमूर्तिको सङ्क्षिप्त परिचय

नेपाली साहित्यमा त्रिमूर्ति भन्नाले कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटालाई जनाउँछ । यी तीनै जनाको सङ्क्षिप्त परिचय तल दिइएको छ ।

### २.१ लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय

लेखनाथ पौड्यालको जन्म वि.सं. १९४१ पुस २६ गते कास्की जिल्लाको अर्घौ अर्चलेमा भएको हो । उनका बुबआमाको नाम पं. दुर्गादत्त र वसुन्धरादेवी हो । लेखनाथ पौड्यालको प्रारम्भिक शिक्षा घरबाटै बाबु अनि काकाहरूबाट भएको हो । उनी गाई चराउन जाँदा आउँदा कापी किताबलाई आफ्नै साथमा लिएर हिँड्ने गर्दथे । वंशपरम्पारा, प्रकृति र समसामयिक स्थितिबाट नेपाली कविताको सिर्जनाप्रति उनी प्रेरित भएका थिए उनले अध्ययनको सुरूआत गङ्गागणेशस्तोत्र, अमरकोश शप्तशती (चण्डी) आदिबाट भएको हो ।

लेखनाथ पौड्यालले घरबाटै काका र बाबुबाट प्रारम्भिक शिक्षा पाएपछि १५ वर्षको उमेरमा काठमाडौं पाठशालामा बसी पढाइलेखाइ गरेका थिए ।[1] वि.सं. १९५९ सालसम्म काठमाडौंमा रहेर उनले संस्कृतको मध्यमा परीक्षा दिए । उनको पढाइलेखाइ एकै ठाउँमा रहन सकेन । त्यसपछि उनले बनारस गई पढ्ने कोसिस गरे तर दर्शनपत्रको राम्रो अध्ययन हुन नपाउँदा उनले सफलता पाउन सकेनन् ।[2] बाल्यकालमा निरन्तर औपचारिक शिक्षा लिन अवसर नमिले पनि काकाबाबुको प्रेरणाबाट उनमा अध्ययनप्रति रूचि बढ्दै गयो । यसैको फलस्वरूप संस्कृतमा मध्यमासम्मको तह पूरा भयो ।

लेखनाथ पौड्याल मुख्यतया कवि व्यक्ति हुन् तर पनि विभिन्न क्षेत्रमा उनले काम गर्दै आएको पाइन्छ । व्यवहारको चापले र केही सृजना गरौँ भन्ने सृजना सचेतनाले

---

[1] ठाकुर पराजुली, **त्रिमूर्ति गाथा** (काठमाडौंः त्रिमूर्ति निकेतन प्रकाशन, २०६२), पृ. १७ ।

[2] ऐजन, पृ. १८ ।

आफ्ना पितामह राधाकृष्ण मधेशमा जीवन वृत्तिको खोजीमा पुगेका थिए ।[3] उनी त्यही ठाउँमा बसी कविताहरू लेखी बनारस पढाउने गरे । उनको काव्य प्रतिभा देखेर राममणि आ.दी. प्रभावित भई उनको **वर्षा विचार** शीर्षकको रचना **माधवी** पत्रिकामा छपाएका थिए । राममणि आ.दी.को हलन्त बहिष्कार अभियानलाई लेखनाथ पौड्यालले पनि समर्थन गरे ।

लेखनाथ पौड्यालले जीवनको अधिकांश समय काव्य साधनामा बिताए । साहित्यले समाजको परिवर्तन गर्न सक्दछ भन्ने दृष्टिले पौड्यालले कविता, नाटक, कथा आदि विधामा कलम चलाएका छन् । साहित्य साधनामा लागेका कारण यिनको विभिन्न साहित्यकारसँग सम्पर्क भयो । राममणि आ.दी., शम्भुप्रसाद ढुङ्गेल आदिसँग हेलमेल भएको जानकारी पाइन्छ । लेखनाथ पौड्यालको कवित्वबारे आशुकवि शम्भुप्रसाद ढुङ्गेलले आलोचना छपाएर प्रशंसा पनि गरेका थिए ।

आफ्नो काव्ययात्रा **कविता कल्पद्रुम** (१९६२) मा सङ्गृहीत श्रृङ्गार पच्चीसी र मानसाकर्षिणी शीर्षकको कविताको माध्यमबाट काव्ययात्रा प्रारम्भ गरेका लेखनाथ माध्यमिक कालको उत्तरार्धका शास्त्रीयतावादी धाराका शीर्षस्थ कवि हुन् । नेपाली कविताको माध्यामिक कालको मध्यतिरबाट लेखनकार्यमा लागेका लेखनाथका सुरूसुरूका कविताहरू निकै अश्लील र अशिष्ट छन् ।[4]

पूर्वीय संस्कृतिका पृष्ठपोषक लेखनाथका कवितामा वैज्ञानिकता सभ्यता र आधुनिकताप्रतिको विकर्षण र अध्यात्मिकता तथा सामाजिकताप्रतिको आकर्षण पाइन्छ । उनी श्रृङ्गारिक प्रवृत्तिबाट क्रमशः परिष्कारवादी काव्यधारातर्फ उन्मुख भएका नैतिक आदर्शवादी कवि हुन्, भने उनका कवितामा धार्मिक, सांस्कृतिक, नवजागरणको स्वर मुखरित भएको पाइन्छ र उनका कृतिमा आध्यात्मिकताका माध्यमबाट सामाजिक सुधार, सांस्कृतिक जागरण र नैतिक औपदेशिक स्वर प्रकट भएको छ ।[5]

पूर्वीय आर्यसभ्यताको व्याख्याता औपदेशिक कवि लेखनाथका कविता सामाजिक, आध्यात्मिक दृष्टिकोण, धार्मिक पौराणिक भक्तिभावको प्रस्तुति पाइन्छ । उनले अध्यात्मवादी मानवतावादी दृष्टिकोण हिंसा, क्रूरता आदि विविध भावलाई आत्मसात गरेका छन् । उनको मानवतावाद समाजवादी, दृष्टिले नभई धार्मिक अध्यात्मवादी ऋषिका रूपमा

---

[3] ऐजन ।

[4] खगेन्द्रप्रसाद लुइटेल, **नेपाली कवि र कविता** (काठमाडौं: विभुऋभु प्रकाशन, २०५४), पृ. ७१ ।

[5] ऐजन ।

प्रकट भएको छ । आर्यसंस्कृति, हिन्दूधर्म वा पूर्वीय वेदान्त दर्शनमा लेखनाथ पौड्यालको चिन्तन केन्द्रित देखिन्छ ।[6]

आफ्नो काव्यमा इन्द्रिय संवेद्य प्रकृतिको स्वभाविक वर्णन गर्ने प्रकृतिवादी कवि लेखनाथको प्रकृति चित्रण वस्तुपरक देखिन्छ भने उनी चिन्तनशील शास्त्रीयतावादी परिष्कारवादी कवि हुन् ।[7] यिनको मृत्यु वि.सं. २०२२ फागुन ७ गते देवघाट तनहुँमा भएको थियो ।

लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय तल दिइन्छ ।[8]

**सेवा, पेसा र संलग्नता**

- भीम शमशेरका दरबारिया पण्डित
- रोयल नेपाल एकेडेमीमा सदस्य (२०१४)

**सम्मान/पुरस्कार**

- कविशिरोमणि (२००८)
- सार्वजनिक रथयात्रा र अभिनन्दन (२०११)
- हुलाक टिकट प्रकाशन (२०२३)
- त्रिभुवन पुरस्कार (२०२६)

**लेखनाथ पौड्यालका प्रकाशित कृतिहरू**

**कवितासङ्ग्रह**

- लालित्य भाग १ (१९७९)
- वर्षाविचार (१९६५)
- लालित्य भाग २ (२०२२)
- कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१)
- लेखनाथका प्रमुख कविता (२०४६)

**काव्य**

- शोक प्रवाह (१९७०)
- ऋतुविचार (१९७३/९१)
- बुद्धिविनोद (१९७३)

---

[6] ऐजन ।
[7] ऐजन ।
[8] ऐजन ।

- सत्यकलि संवाद (१९७६)
- गीताञ्जलि (१९८६)
- त्याग र उदयको युगल प्रकाश (२००२)
- अमरज्योतिको सत्य स्मृति (२००८)
- तरूण तपसी (२०१०)
- मेरो राम (२०११)

**नाटक**

- भर्तृहरिनिर्वेद नाटक (१९७४)
- लक्ष्मीपूजा नाटक (१९९४)

**अन्य**

- सूक्तिसिन्धु
- जोगमण्डलीका कवि र कविता आदिमा फुटकर कविता र समस्यापूर्तिहरू प्रकाशित

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा घरपरिवार, सामाजिक, आर्थिक वातावरण, शिक्षादीक्षा आदि परिवेशले ठूलो भूमिका खेलेको हुन्छ । घरपरिवार र समाजले नै उसको मनोभाव र प्रवृत्तिको निर्धारण गर्दछन् । अनुकूल वातावरण र परिवेश विना मान्छेले मानवीय गुण प्राप्त गर्न सक्दैन । मानव जन्मेपछि कसैको सहाराविना आफ्नो व्यक्तित्व निर्माण गर्न सक्दैन । व्यक्तिले जीवनमा गरेका विभिन्न कार्यले नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ भने सिर्जनशील साहित्यकार व्यक्तिको त आन्तरिक व्यक्तित्वले नै ऊ समाजमा अजर अमर रहन्छ । तसर्थ लेखनाथ पौड्याल साहित्यका विभिन्न विधामा कलम चलाए तापनि प्रमुख रूपमा कवि व्यक्तित्व प्रखर रूपमा देखिन्छ ।

लेखनाथ पौड्यालका व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कवि व्यक्तित्व, नाटककार व्यक्तित्व र अनुवादक व्यक्तित्व मुख्य रूपमा रहेका छन् ।

विभिन्न किसिमका कविता, काव्य र नाटक लेख्ने लेखनाथ पौड्यालको साहित्य लेखनमा निम्नलिखित प्रवृत्ति र विशेषता देखिन्छन् ।[9]

- सुरूमा श्रृङ्गारिक र पछि क्रमशः शास्त्रीयतावादी
- आध्यात्मिक चेतना वेदान्त दर्शनकामाध्यमबाट समाज सुधारको चाहना,
- समाज र आध्यात्मिक दशर्नको समीकरण

[9] ऐजन, पृ. ७२ ।

- पूर्वीय दर्शनको कवितात्मक बौद्धिक अभिव्यक्ति
- अध्यात्ममूलक मानवतावादी दृष्टिकोण
- सांसारिक बन्धनबाट मुक्ति र आध्यात्मिक चेतना प्राप्त गर्ने आकाङ्क्षा
- प्रकृतिका माध्यमबाट समाजचित्रण र आध्यात्मवादी दृष्टिकोणको प्रस्तुति
- नेपाली राष्ट्रिय प्रकृतिको वस्तुपरक चित्रण
- आनुप्रासिकता र लयात्मकता
- शास्त्रीय छन्दको प्रयोग
- तत्सम शब्द र झर्रा नेपाली शब्दको प्रयोग
- सहज, स्वाभाविक र परिष्कृत भाषाशैली

**निष्कर्ष**

लेखनाथ पौड्यालको जन्म एउटा साधारण परिवारमा भए तापनि उनले आफ्नो जीवनकालभर साहित्य साधनामा लागेर माध्यमिक कालका उत्तरार्धका शास्त्रीयतावादी धाराका शीर्षस्थ कविको रूपमा देखा परेको पाइन्छ । नेपाली कविताको माध्यामिक कालको मध्यतिरबाट लेखनकार्यमा अभिमुख भएका लेखनाथका सुरू सुरूका कविता निकै अश्लील र अशिष्ट पाराका भए तापनि त्यसपछि क्रमशः श्रृङ्गारिक भावनालाई छोड्दै आफ्नो कविताका माध्यमबाट आर्थिक, सामाजिक, सांस्कृतिक, पुनर्जागरणको स्वर सुसेल्न थालेको पाइन्छ । पहाडको एउटा कुनामा जन्मेर कविशिरोमणि पदले सुशोभित हुँदै स्वदेश विदेशमा नेपाली कविता, काव्य, नाटक र पाठकलाई प्रभाव दिलाउँदै उनको अन्तिम लिला समाप्त भएको छ ।

**२.२ बालकृष्ण समको सङ्क्षिप्त परिचय**

बालकृष्ण समको जन्म वि.सं. १९५९ माघ २४ गतेका दिन काठमाडौंको ज्ञानेश्वर भन्ने ठाउँमा पिता समरशमशेर र माता कीर्तिराज्यलक्ष्मीका सुपुत्रका रूपमा भएको हो । बालकृष्ण सम जहाँनिया राणा परिवारकै सम्पन्नसिल परिवारमा जन्मेका हुनाले उनको प्रारम्भिक पढाइ पनि त्यस बेलाको दरबार हाईस्कुलबाट भएको थियो । यिनले कोलकत्ताबाट म्याट्रिक पाससम्म गरेको जानकारी पाइन्छ ।

जहानियाँ राणा परिवारकै सदस्य भएको नाताले गर्दा नै उनले बालक अवस्थादेखि नै राम्रो ठाउँमा पढ्ने वातावरण मिल्यो । फलस्वरूप उनले दरबार हाईस्कुल

कोलकत्ता र फेरि त्रिचन्द्र कलेजमा गई विज्ञान विषय लिई पढ्ने अवसर पाएकाले गर्दा उनको शिक्षा आई. एस्सीसम्म पुग्न सक्यो ।

बालकृष्ण सम वंशजका नाताले राणा भए पनि स्वभाव आचरणका हिसाबले साधारण मानिस जस्तै थिए । बाजे बज्यैको आचरण देख्दा समको कोमल हृदयमा बज्यैको प्रभाव परेकोले उनको स्वभावमा पनि भद्रता र नम्रता आउन थाल्यो । उनले आफ्नो अध्ययन बढाउने चाहना हुँदा हुँदै पनि परिस्थितिले साथ दिएन । उनी अध्ययनशील व्यक्ति भएको कारणले निजी अध्ययनलाई बढाउँदै गए । उनको निरन्तर साधना, योग्यता र सेवाको कदर गरेर त्रिभुवन विश्वविद्यालयले साहित्य विद्यावारिधिको विशेष उपाधि उनलाई प्रदान गऱ्यो ।

आठ वर्षको कलिलो उमेरदेखि नै कविता लेख्न सुरू गरेका बालकृष्ण सम नेपाली साहित्यका वरिष्ठ कवि र नाटककार हुन् । उनले कविता, नाटक, कथा, निबन्ध, प्रबन्ध, जीवनी आदि विभिन्न विधामा कलम चलाए तापनि कविता र नाटकमा विशेष प्रसिद्धि प्राप्त गरका छन् ।[10] नाटकमा कवित्वको अन्तरमिश्रण गर्ने सम नेपाली साहित्यमा कविता नाटक लेख्ने एक मात्र वरिष्ठ प्रतिभा हुन् ।[11] वि.सं. २००४ सालपछि गद्य कविता लेखनतर्फ विशेष सक्रिय रहेका समले पद्य कविता पनि रचना गरेका छन् । कुशल अभिनेता र सफल चित्रकारसमेत भनिने समका हरेक कृतिमा दार्शनिक चिन्तनको प्रगाढता पाइन्छ । चिन्तनशील कवि एवम् नाटककार समको दार्शनिक चिन्तन पश्चिमी मूल्य र मान्यताबाट बढी प्रभावित भए पनि आध्यात्मिक र भौतिकताको द्वन्द्वात्मक अवस्थाको संयोजन भएको देखिन्छ । पूर्वीय र पाश्चात्य दर्शनलाई कलात्मक ढङ्गले संयोजन गरिएका उनका कृतिमा प्रौढ शिल्पकारिता पाइन्छ ।

प्रारम्भमा पूर्वीय चिन्तन अङ्गालेका सम पछि गएर पाश्चात्य प्रभावलाई आत्मसात गर्दै धर्तीलाई स्वर्ग र मानवलाई देवताका रूपमा अङ्गीकार गर्दै मानवतावादी दृष्टिकोण प्रकट गर्दछन् ।[12]

बालकृष्ण सम मुख्यतया नाटककार व्यक्ति हुन् तर पनि विभिन्न क्षेत्रमा उनले काम गर्दै आएको पाइन्छ । उनको जन्म जहाँनिया राणापविारमा भएको कारणले नै उनी सैनिक सेवामा कप्तान बनाइए । बालकृष्ण सम सैनिक सेवामा रहे पनि नेपाली भाषा र

---

[10] ऐजन, पृ. ७८ ।

[11] ऐजन ।

[12] ऐजन ।

साहित्यलाई नै केन्द्रबिन्दु बनाए ।[13] १९७० सालमा खुलेको गोरखा भाषा प्रकाशिनी समितिलाई गोरखा शब्दबाट सम्पूर्ण नेपाल नबुझिने हुँदा १९९० सालमा नेपाली भाषा प्रकाशिनी समिति बनाउनेमा पनि बालकृष्ण समको हात रहेको पाइन्छ ।

सम आफू राणा भए पनि विचार सामान्य जनताको जस्तो छ भन्ने देखाउन चाहन्थे । त्यसैले उनी जनसभामा गएर भाषण दिन थालेका थिए । सबैमा समानता सहृदयी र आदरबोधक तपाईजस्ता शब्दको प्रयोग गर्ने र कालो भादगाउँले टोपीलाई राष्ट्रिय पोसाक मान्ने परम्परा उनले चलाएका थिए ।

साहित्यले समाजको परिवर्तन र मानिसको पनि परिवर्तन गर्न सक्दछ भन्ने दृष्टिले समले नाटक, काव्य र कवितामा कलम चलाएका हुन् । साहित्य समाजको विम्ब हो, जसले मानवलाई मानवीय आचरण सिकाउँछ भन्ने भावना समले राख्दथे । बालकृष्ण सम जहानिया राणा परिवारमा हुर्किएका व्यक्ति हुन् । ठाँटिलो राणा परिवारमा जन्मेका समको बाल्यकालीन पढाइ, लेखाइ, व्यवस्थित देखिनुले अवश्य पनि सम्पन्नै रहेछन् भन्ने थाहा हुन्छ । राणापरिवारकै सदस्य भएकाले देश, विदेशमा पढ्ने  बुझ्ने पनि मौका पाएको देखिन्छ ।[14]

बालकृष्ण समको सङ्क्षिप्त परिचय तल दिइन्छ ।[15]

**सेवा, पेसा र संलग्नता**

- सैनिकमा क्याप्टेन (१९८०)
- नेपाली जाँचपास अड्डाका प्रमुख (१९८७)
- दरबार स्कुलमा अध्यापन (१९८७)
- त्रिचन्द्र कलेजमा प्राध्यापक (१९८७)
- नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष (१९९०)
- सैनिकमा मेजर (१९९५)
- नेपाल रेडियोको निर्देशक (२००८)
- सैनिकमा लेफ्टिनेन्ट कर्णेल (२००९)
- गोरखापत्रको सम्पादक (२०१२)

---

[13] नरेन्द्रराज प्रसाई, इन्दिरा प्रसाई, **एउटा अमर प्रज्ञा बालकृष्ण सम** (काठमाडौंः नई प्रकाशन, २०६१) पृ १४

[14] ऐजन ।

[15] खगेन्द्रप्रसाद लुइटेल, **नेपाली कवि र कविता**, पूर्ववत्, पृ. ७९ ।

- रोयल नेपाल एकेडेमीका सदस्य (२०१४)
- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति (२०२६)
- राजसभा स्थायी समितिका सदस्य (२०३०)

**सम्मान तथा पुरस्कार**

- गोरखा दक्षिणबाहु तेस्रो (१९९९)
- गोरखा दक्षिणबाहु दोस्रो (२००९)
- रत्नजी स्वर्णपदक (२०२३)
- गोरखा दक्षिणबाहु प्रथम (२०२८)
- साझा पुरस्कार (२०२८)
- त्रिभुवन पुरस्कार (२०२९)
- त्रिभुवन विश्वविद्यालयबाट विशेष उपाधि (२०२९)
- पृथ्वी प्रज्ञा पुरस्कार (२०३५)

**बालकृष्ण समका प्रकाशित कृतिहरू**

**कविता**

- आगो र पानी, खण्डकाव्य (२०११)
- चिसो चुह्लो, खण्डकाव्य (२०१५)
- बालकृष्ण समका कविता, कवितासङ्ग्रह (२०३८)

**नाटक**

- मुटुको व्यथा (१९८६)
- ध्रुव (१९८६)
- मुकुन्द इन्दिरा (१९९४)
- प्रल्हाद (१९९५)
- अन्धवेग (१९९६)
- भक्तभानुभक्त (२०००)
- म (२००२)
- प्रेमपिण्ड (२००९)
- अमरसिंह (२०१०)
- भीमसेनको अन्त्य (२०१२)

- तलमाथि (२०२३)
- तानसेनको झरी (२०२६)
- अमित वासना (२०२७)
- स्वास्नीमान्छे (२०३३)
- मोतीराम (२०३३)
- ऊ मरेकी छैन (२०३५), आदि ।

**एकाङ्की**

- बोक्सी (१९९९)
- भतेर (२०१०)
- तपोभूमि (२०१४)
- विद्याधनम् सर्वधनम् प्रधानम् (२०२०)
- नालापानीमा (२०२०)
- रणदुल्लभ (२०२०)
- वुहार्तन (२०२०)
- अत्याधुनिकता (२०२०)
- माटोको ममता (२०२६)
- बिरामी र कुरूवा (२०२७)

**प्रबन्ध**

- नियमित आकस्मिकता (२००५)
- मेरो कविताको आराधना उपासना १ (२०२३)
- मेरो कविताको आराधना उपासना २ (२०२९), आदि ।

बालकृष्ण समले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि नाटककार व्यक्तित्व मुख्य रूपमा देखिन्छ । उनका कवि व्यक्तित्व, नाटककार व्यक्तित्व, एकाङ्कीकार व्यक्तित्व, प्रबन्धकार व्यक्तित्व र निबन्धकार व्यक्तित्व छन् ।

साहित्यका विभिन्न विधामा कलम चलाउने बालकृष्ण समका प्रमुख प्रवृत्ति र विशेषता निम्नलिखित देखिन्छन् ।[16]

- समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित भौतिकवादी मानवतावादी अवधारणा

---

[16] ऐजन, पृ. ८७ ।

- आध्यात्मिकता र भौतिकताको द्वन्द्वमय चित्रण र भौतिकवादी आध्यात्मवादी दार्शनिक चिन्तनको प्रस्तुति
- प्रारम्भमा ईश्वरवादी, मानवतावादी र क्रमशः अनिश्वरवादी, भौतिकवादी, बौद्धिकता र उक्ति वैचित्रयको संयोजन र आधुनिक वैज्ञानिक चिन्तनको कलात्मक अभिव्यक्ति
- ईश्वर चिन्तनका माध्यमबाट राष्ट्रप्रेम र देशभक्तिको भावना व्यक्त
- परिष्कारवादी, प्रगतिवादी, वस्तुवादी दृष्टिकोण
- चिन्तनलाई कवितात्मक आलङ्कारिक र परिष्कृत रूपमा प्रस्तुति
- वर्णमात्रिक, लोकलयात्मक र गद्य लयात्मक छन्दका प्रयोक्ता
- परम्परित शास्त्रीय छन्दको निजत्वको साथ नवीन प्रस्तुति
- परम्परित बिम्बको नवीन प्रस्तुति र नवीन बिम्बको निर्माण
- सचेतनापूर्वक शिल्पसज्जा भएको परिष्कृत परिमार्जित गद्य
- खारिएको माझिएको भाषा र शैल्पिक चमत्कृति ।

**निष्कर्ष**

बालकृष्ण सम जहानियाँ राणा परिवारकै वंशजमा जन्मेर पनि उनी सर्वसाधारण नेपालीका मनमस्तिष्कमा पसी उनीहरूलाई नै मर्महात हुने खालका साहित्यिक लेखहरू लेखी नेपाली साहित्यलाई देशविदेशसम्म चिनाउन सफल भएका पाइन्छन् भने सम नेपाली कविताको माध्यमिक कालीन परिष्कारवादी काव्य धाराभित्र आधुनिक चेत भएका कवि व्यक्तित्व हुन् । सुरूमा उनले पूर्वीय चिन्तनलाई आत्मसाथ गरी पछि गएर पाश्चात्य प्रभावलाई आत्मसाथ गर्दै धर्तीलाई स्वर्ग र मानवलाई देवताका रूपमा प्रस्तुत गर्ने कवि हुन् । बालकृष्ण सम सैनिक सेवामा रहे पनि नेपाली भाषा र साहित्यलाई नै केन्द्रबिन्दु बनाई निरन्तर रूपमा लागेकाले उनी मरेर गए तापनि अजर अमर रहेका छन् ।

**२.३ लक्ष्मीप्रसाद देवकोटाको सङ्क्षिप्त परिचय**

लक्ष्मीप्रसाद देवकाटाको जन्म वि.सं. १९६६ कात्तिक २७, काठमाडौं डिल्लीबाजारमा पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मीदेवीबाट गाईतिहारे औंसीका दिन लक्ष्मीको आराधना पूजा सकेपछि जन्मेकाले पिताले उनको नाम लक्ष्मीप्रसाद देवकोटा राखेका थिए ।

लक्ष्मीप्रसाद देवकोटाको प्रारम्भिक शिक्षा संस्कृतको अध्ययन आफ्नो पिताबाट भएको थियो । उनी सानै देखि तिक्ष्ण बुद्धिका थिए । १० वर्षको उमेरमा दरबार हाईस्कुलमा पाचौं कक्षामा देवकोटा भर्ना गरिए । त्यसपछि देवकोटाको पढाइमा तीव्रता आउन थाल्यो फलस्वरूप उनले कानुनसम्बन्धी अङ्ग्रेजी र साहित्यका सम्पूर्ण क्षेत्रमा हात हालेका र सफलता पनि प्राप्त गरेको पाइन्छ ।

देवकोटाको औपचारिक शिक्षा बी.ए.बी.एल. देखिन्छ । उनले अङ्ग्रेजीमा एम्.ए. गर्ने इच्छा भए तापनि परिस्थिति अनुकूल नहुनाले उनले एम्.ए. पूरा गर्न पाएनन् तर उनले आफ्नो लेखन कलालाई सधैं निरन्तरता नै दिइएका हुन् ।

लक्ष्मीप्रसाद देवकोटा १९९१ सालमा प्रकाशित 'पूर्णिमाको जलधि' र 'गरिब' कविताका माध्यमबाट नेपाली कविताको इतिहासमा परिष्कारवादी वृत्तलाई तोड्दै स्वच्छन्दतावादी प्रवृत्ति लिएर देखा परेका विशिष्ट कवि प्रतिभा हुन् ।[17] नेपाली कविताको विकासक्रममा उनको आगमन युगान्तकारी घटना बनेको छ । नेपाली कवितामा स्वच्छन्दतावादको प्रवर्तन, संवर्द्धन, विकास र विस्तार गरी परिपाक अवस्थामा पुऱ्याउने देवकोटा नेपाली स्वच्छन्दतावादी काव्यधाराका केन्द्रीय प्रतिभा हुन् ।[18] बहुमुखी प्रतिभाका धनी देवकोटाले कविता, निबन्ध, कथा, उपन्यास, नाटक आदि विभिन्न विधामा कलम चलाए पनि उनले विशेषत कविता र निबन्ध विधामा प्रसिद्धि प्राप्त गरेको पाइन्छ ।

देवकोटाकै लेखनीबाट नेपाली कवितामा स्वच्छन्दतावादले विकसित हुने अवसर पाएको हो ।[19] उनका २००३ सालसम्मका कविता  स्वच्छन्दतावादी र त्यसपछिका स्वन्छन्दतावादी प्रगतिवादी खालका पाइन्छ भने उनका कवितामा कहीं प्रकृतिको सौम्य, शान्त र कहीं विध्वंसात्मक रूपको चित्रण गरिएको छ ।[20] २००४ सालपछिका देवकोटाका कवितामा क्रान्तिकारी स्वर पाइन्छ । उनीले आफ्ना कवितामा स्वच्छन्दतावादी प्रगतिवादी स्वरलाई सशक्त रूपमा प्रस्तुत गर्ने कवि हुन् ।[21] देवकोटाले प्राचीन सभ्यताको गायन एवम् सांस्कृतिक पुनर्जागरणको स्वर आफ्ना काव्यमा अभिव्यक्त गरेका छन् ।

---

[17] ऐजन ।
[18] ऐजन ।
[19] ऐजन ।
[20] ऐजन ।
[21] ऐजन ।

यसरी साहित्यका विभिन्न विधामा कलम चलाइसकेका देवकोटाको सङ्क्षिप्त परिचय तल दिइन्छ :[22]

**सेवा, पेशा र संलग्नता**

- नेपाली भाषा प्रकाशिनी समितिमा जागिरे (२०००)
- त्रिचन्द्र कलेजमा प्राध्यापन (२००३)
- नेपाली साहित्य परिषद्का सभापति (२००४)
- युगवाणीको सम्पादन (२००४)
- पद्मकन्या कलेजमा प्राध्यापक (२०११)
- कमर्स कलेजमा प्राध्यापक (२०१२)
- काव्य प्रतिष्ठानको संस्थापक अध्यक्ष (२०१२)
- इन्द्रेणी पत्रिकाको सम्पादन (२०१२)
- शिक्षा र स्वायत्त शासन मन्त्री (२०१४ साउन ११ देखि कात्तिक २९)
- रोयल नेपाल एकेडेमीका सदस्य (२०१४)

**सम्मान तथा पुरस्कार**

- जनस्तरबाट महाकवि
- हुलाक टिकट प्रकाशन (२०२१)
- त्रिभुवन पुरस्कार (२०२३)

**लक्ष्मीप्रसाद देवकोटाका प्रकाशित कृतिहरू**

**कवितासङ्ग्रह**

- पुतली (२०१०)
- भिखारी (२०१०)
- जन्मोत्सव (२०१५)
- मुटुको थोपा (२०१५)
- छहरा (२०१६)
- चिल्ला पातहरू (२०२१)
- मनोरञ्जन (२०२४)
- भावनागाङ्गेय (२०२४)

---

[22] ऐजन ।

- गाइने गीत (२०२४)
- आकाश बोल्छ (२०२५)
- नवरस (२०२५)
- छाँगासँग कुरा (२०२६)
- लक्ष्मी गीतसङ्ग्रह (२०४०)

**खण्डकाव्य**

- मुनामदन (१९९२)
- राजकुमार प्रभाकर (१९९७)
- कुञ्जिनी (२००२)
- पहाडी पुकार (२००५)
- वसन्ती (२००९)
- रावणजटायु युद्ध (२०१५)
- म्हेन्दु (२०१५)
- लूनी (२०२३)
- मायाविनी सर्सी (२०२४)
- सीताहरण (२०२४)
- दृश्यन्त शकुन्तला भेट (२०२५)
- कटक (२०२६)
- मैना (२०३९)

**महाकाव्य**

- शाकुन्तल (२००२)
- सुलोचना (२००३)
- महाराणा प्रताप (२०२४)
- वनकुसुम (२०२५)
- पृथ्वीराज चौहान (२०४९)
- शकुन्तला (अङ्ग्रेजी, २०४८)

**अन्य**

- सावित्री सत्यवान् (नाटक, १९९७),

- चम्पा (उपन्यास)
- लक्ष्मी निबन्धसङ्ग्रह (२०००)
- दाडिमको रूखनेर (निबन्ध, २०३९)
- लक्ष्मी कथासङ्ग्रह
- महाकवि देवकोटाका निबन्ध २०६६

साहित्यका विविध विधामा कलम चलाउने देवकोटा कवि, खण्डकाव्यकार, महाकाव्यकार, नाटककार, निबन्धकार, उपन्यासकार र कथाकार आदि व्यक्तित्व देखिए पनि तिनमा कवि, खण्डकाव्यकार र महाकाव्यकार व्यक्तित्व विशिष्ट रहेको छ।

लक्ष्मीप्रसाद देवकोटाका प्रमुख प्रवृत्ति र विशेषता निम्नलिखित छन्।[23]

- स्वच्छन्दतावादी धाराका प्रवर्तक संवर्द्धक विस्तारक र केन्द्रीय प्रतिभा,
- भावुकता, तीव्र संवेदनशीलता, विराट कल्पनाशीलता,
- स्वच्छन्दतावादी, प्रगतिवादी, मानवतावादी, चिन्तन,
- सहज, स्वतस्फूर्त प्राकृत कवित्व,
- आत्मपरक वैयक्तिक अभिव्यञ्जना र भाव प्रबलता,
- प्रकृति र मानवजीवनको तादात्म्य वा प्रकृतिको मानवीकरण गर्न कुशल,
- आत्मपरक भाववेगको द्रुत अभिव्यक्ति,
- प्रकृतिलाई नै मानवीय सभ्यता, सौन्दर्य चेतना र काव्यगुरूका रूपमा ग्रहण,
- प्रकृतिका शान्त र उग्र दुवै रूपको चित्रण/प्रकृतिका बहुरूपको चित्रण,
- हार्दिकता र रमरम बौद्धिकताका पक्षपाती,
- क्रान्तिकारी विद्रोही चेतना,
- आत्मपरक हार्दिक भाववेगको तीव्र अभिव्यक्ति,
- प्रकृति, समाज, पुराण, इतिहास आदि अनेकानेक क्षेत्रका परम्परित एवम् नवीन बिम्ब, प्रतीक र अलङ्कारको सहज प्रयोग,
- निर्मित नभई सहज, स्वतस्फूर्त प्राकृतिक द्रूत प्रवाहमय भाषाशैली,
- नवीन, भाषाका निर्माता,
- विभिन्न छन्द र लोकलयका कुशल प्रयोक्ता।

[23] ऐजन।

**निष्कर्ष**

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका एक अमर साधक तथा अद्वितीय प्रतिभा हुन् । समष्टिमा उनी नेपाली कविताको स्वच्छन्दतावादी, प्रगतिवादी धाराका सशक्त र अग्रणी कवि तथा नेपालीहरूका महाकवि हुन् ।  नेपाली कविताको इतिहासमा परिष्कारवादी वृत्तलाई तोड्दै स्वच्छन्दतावादी प्रवृत्ति लिएर देखा परेका विशिष्ट कवि प्रतिभा हुन् । भावनाका धनी देवकोटाका कवितामा हार्दिक संवेदना पाइन्छ । साहित्यका विविध, विधामा कलम चलाएका देवकोटा विभिन्न सङ्घसंस्थामा संलग्न हुँदै विभिन्न सम्मान र पुरस्कारबाट पुरस्कृत हुँदै आफ्नो जीवनकालभर विभिन्न साहित्यिक साधनामा लागेर आफ्नो जीवन लीला समाप्त गरेका छन् ।

# तेस्रो परिच्छेद

## त्रिमूर्ति निकेतनको संस्थागत परिचय

### ३.१ त्रिमूर्ति नामकरणको पृष्ठभूमि

साहित्यिक कार्यक्रमको अवसरमा कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा राजधानीबाहिर इलाम झापा र दार्जिलिङ्ग पुगेका थिए । त्यति बेला दार्जिलिङ्गमा साहित्यिक कार्यक्रम हुँदा उनीहरूलाई दार्जिलिङ्गकै त्रिमूर्ति सूधपा (सूर्य विक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणी प्रधान) ले यी तीन जनालाई त्रिमूर्तिको रूपमा २००९ सालमा घोषणा गरेका थिए ।[24] यसरी दार्जिलिङ्ग भ्रमणबाट काठमाडौं आएपछि उनीहरूलाई त्रिमूर्ति भन्न थालियो ।[25] त्रिमूर्ति घोषित भएको ६२ वर्षपछि मात्र उनीहरूका मूर्ति प्रतिष्ठापित भए ।[26]

### ३.२ त्रिमूर्ति स्थापनाको पृष्ठभूमि

भाषासाहित्यमा सिङ्गो जीवन अर्पण गरेका साधकहरूले पाउने सद्भाव गौरव अनुभूतिको एउटा पक्षको रूपमा देखिन्छ । त्रिमूर्ति स्थापना भने नेपाली साहित्यको इतिहासमा अघिल्लो पुस्ताका सुप्रख्यात प्रतिभाको त्रिमूर्तिको निर्माण गर्नुपर्ने राष्ट्रिय दायित्वलाई आफूले पूरा गरेको कथन नरेन्द्रराज प्रसाईको छ । हुन त एकातिर संस्कृति र इतिहासको निर्माणमा यस्ता विशिष्ट उदाहरणहरू तयार हुँदै छन् । तर नेपालभित्र यी तीनै प्रतिभाका पूर्णकदका प्रतिमा बनेका देखिँदैनन् । त्यसमा पनि ती प्रतिभा एकै ठाउँमा स्थापित हुनु नेपालकै लागि नयाँ नौलो हो । यसरी उद्घोषित त्रिमूर्ति शब्दलाई त्रिमूर्तिको सग्लो रूप देखाउन सफल नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको भूमिका महत्त्वपूर्ण देखिन्छ । त्रिमूर्तिसँगत सम्बद्ध संस्थासँग आबद्ध नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई बीच एउटा काल्पनिक विश्वासमा मात्र गठन भएको यस संस्थाले आफ्नो सक्रियता र लगनशीलताले गर्दा अन्य व्यक्ति तथा बुद्धिजीवीहरूलाई प्रभावित पाऱ्यो ।[27] यसैक्रममा लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानका अध्यक्ष घटराज भट्टराईलाई प्रस्ताव राखेर घटराज भट्टराईले सहमत जनाएपछि लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान र बालकृष्ण सम फाउन्डेसनको संयुक्त

---

[24] नरेन्द्रराज प्रसाईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[25] ऐजन ।
[26] ऐजन ।
[27] ऐजन ।

आयोजनामा त्रिमूर्ति निर्माण गर्ने निर्णय गरी २०६० साल भदौ ११ गते त्रिमूर्ति नामकरणको घोषणा विधिवत रूपमा भएको थियो ।[28] यो संस्था सञ्चालन लागि यसप्रकारका पदाधिकारी रहेको समिति गठन गरिएको थियो ।[29]

| | |
|---|---|
| अध्यक्ष | : श्री घटराज भट्टराई |
| उपाध्यक्ष | : श्रीमती इन्दिरा प्रसाई |
| सदस्य | : श्री के. के. कर्माचार्य |
| सदस्य | : श्री खनुपुरूदे 'रामबाबु' |
| सदस्य | : श्री तारानाथ दाहाल |
| सदस्य | : श्री इ. तेम्बा शेर्पा |
| सदस्य | : श्री नरहरि आचार्य |
| सदस्य | : श्री प्रमिला उप्रेती |
| सदस्य | : श्रीमती भूमा कार्की |
| सदस्य | : श्री मोदनाथ प्रश्रित |
| सदस्य | : श्री रामचन्द्र तिमोथी |
| सदस्य | : श्रीमति सिन्धुराज्यलक्ष्मी राणा |
| सदस्य | : श्री सीताराम प्रसाई |
| सदस्य-सचिव | : श्री नरेन्द्रराज प्रसाई |

## ३.३ त्रिमूर्ति स्थापनाको लागि जग्गा प्राप्तिका प्रयासहरू

कुनै पनि काम गर्छु भनेपछि त्यसैमा निरन्तरता नदिएसम्म सफलता प्राप्त गर्न सकिँदैन । यस त्रिमूर्तिका लागि जग्गा खोज्न भौतारिँदै हिँड्ने क्रममा नरहरि आचार्यले आफ्नो सेतो गाडीमा चढाई तत्कालीन संस्कृति मन्त्री बलबहादुर के.सी.को कोठामा त्रिमूर्ति स्थापनामा लागिपर्ने व्यक्तिहरूलाई लिएर गए । केही छिनको कुराकानीपछि बलबहादुरले उपस्थित व्यक्तिलाई आउनुको कारण सोधे "तपाईको माग के छ ? किन आउनुभयो ?" त्यहाँ गएका मध्येबाट नरेन्द्रले भने "त्रिमूर्ति स्थापनाको लागि उपयुक्त ठाउँ पशुपति क्षेत्रमा हुन्छ कि ? त्यहाँ राख्न पाऊँ है" भन्दा बलबहादुर के.सी.ले "यदि तिमीहरूले त्यस ठाउँमा

[28] ऐजन ।
[29] ऐजन ।

मूर्ति राख्छौ भने लात्ताले हानेर भत्काइदिन्छु" त्यसपछि सबै जना फर्किए ।[30] जग्गाको खोजीको क्रममा सञ्चारग्रामको वरपरको भागमा नरेन्द्रराज प्रसाईका आँखा परे, जहाँ राँगा भैंसीका हड्डी फाल्ने ठाउँ थियो । अरूलाई विश्वास लागेको थिएन, त्यस्तो ठाउँमा पनि त्रिमूर्ति स्थापना गर्ने भनी सोध्ने गर्दथे । त्यस ठाउँको लागि पनि अनुमतिको खाँचो थियो । त्यसपछि पशुपति विकास कोषका सदस्य सचिव वसन्तकुमार चौधरी र प्रेस काउन्सिलका अध्यक्ष हरिहर विरही, नेपाल पत्रकार महासङ्घका सभापति तारानाथ दाहालसँग सहयोग मागेपछि अनुमति प्राप्त भयो । त्यसरी फोहर फालिएको ठाउँमा पनि सफाइ गरेर त्रिमूर्तिको स्थापना हुन सक्यो । त्रिमूर्तिको पूर्णकदको सालिक बनाउने हिसाबले १५ फिट तलबाट ठूलो छड राखी जग्गा मिलाइएको छ ।

**३.४ त्रिमूर्ति स्थापनाको सुरूआत**

जग्गा उपलब्ध भइसकेपछि अब मूर्ति बनाउनको लागि आर्थिक अभाव सिर्जना भयो भने अर्कातिर त्रिमूर्तिको ठाउँमा चौमूर्ति बनाउनुपर्छ भन्दै काममा अवरोध उत्पन्न गराउनेको पनि कमी थिएन । सिद्धिचरण श्रेष्ठका छोरा रविचरण श्रेष्ठले चौमूर्ति बनाउने प्रस्ताव राख्दा नरेन्द्रराज प्रसाई भन्छन्, "तपाईको बुबाको लागि चन्दा माग्न जान म सक्दिनँ, मूर्ति बनाउनको लागि चार लाख रूपैँया दिनुहोस् या त मूर्ति बनाई राखेका बालकृष्ण तुलाधरलाई मूर्ति बनाउन लगाउनुहोस्" । २०५७ सालमा उठेको मूर्ति बनाउने कुरा यही अलमलमा कहिले चौमूर्ति बनाउने भन्दै त कहिले रविचरण आफैले सहयोग गर्ने भन्ने अलमलमा चार वर्ष बित्यो ।[31] रविचरण श्रेष्ठबाट न त पैसा आयो न त मूर्ति नै बनाइयो । वास्तवमा ४ वर्ष रविचरण श्रेष्ठको पछि लागेरै बित्यो । चार वर्षपछि मूर्ति स्थापना गर्ने ठाउँमा डी.पी.सी. गरेर १५/२० दिन सुकाउने क्रममा रविचरण श्रेष्ठ, मोहन हिमांशु थापा, मोहन सिटौला प्रेस काउन्सिल नेपालका अध्यक्ष हरिहर विरहीकहाँ गए । त्यही बेलामा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई पनि गए । ती चार जनामध्ये एक जनाले "त्यस ठाउँमा त्रिमूर्ति त त्रिमूर्ति नै राख्ने हो तर लेखनाथ पौड्यालको सालिक फालिदिने हो । उनी कवि नै होइनन् ।" भने । त्यसपछि नरेन्द्रराज प्रसाईले, "लेखनाथ पौड्याल ती दुई कवि (बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा) का छाता हुन् ।" यदि सिद्धिचरण श्रेष्ठको सालिक रहन्छ भने एकजनाको मात्र सालिक राख्छु त्रिमूर्तिको राख्दिनँ ।" भन्दै सालिक

[30] ऐजन ।
[31] ऐजन ।

निर्माणस्थलतिर लागे । करिव आधा घण्टापछि रविचरण श्रेष्ठको र नरेन्द्रराज प्रसाईको हात हालाहाल हुन बाँकी थियो ।[32] यस्तो परिस्थिति हुदाँहुदै पनि त्रिमूर्ति निकेतनको स्थापना गर्नको लागि मूर्ति बनाइराखेका बालकृष्ण तुलाधरलाई वि.स. २०५७ साल चैत महिनामा तीन जनाको मूर्ति बनाउने जिम्मा दिइयो र उनले वि.स.२०६१ साल वैशाखमा निर्माण कार्य पूरा गरे । [33]

**३.५ त्रिमूर्तिको मूर्तिकारको सङ्क्षिप्त परिचय**

कलाकार मेम्बर रत्नबहादुरका छोरा बालकृष्ण तुलाधरको जन्म मिति वि.सं. १९९२ पौष महिनामा काठमाडौंको युम्बहालमा भएको हो उनको शिक्षा सामान्य लेखपढ हो । धातु, माटो र सिमेन्टका मूर्तिहरूको  निर्माणमा कलाकार बालकृष्ण तुलाधरको विशेष परिचय छ ।  उनले नेपालका विभिन्न ठाउँमा सालिक निर्माण गरिसकेका छन् । जुन यसप्रकार छन् :[34]

-1_ सहिदगेटमा रहेका स्व. श्री ५ त्रिभुवनको सालिक

-2_ सहिद गङ्गालालको सालिक

-3_ सहिद दशरथ चन्दको सालिक

-4_ सहिद धर्मभक्त को सालिक

-5_ शुक्रराजको सालिक त्यहा रहेका चारवटा तस्विरहरू

-6_ टुँडीखेलमा शाही मन्चमा रहेका ५ जना सिपाहीहरूको सालिक

-7_ बनेपा चौबाटोमा रहेका स्व. श्री ५ त्रिभुवनको सालिक

-8_ बुटवलमा रहेको पूर्णकदको श्री ५ त्रिभुवनको सालिक

-9_ सिंहदरबार ग्यालरी बैठकमा रहेका स्व. श्री ५ महेन्द्रको सालिक

-10_ रामेछापमा रहेका स्व. श्री ५ महेन्द्रको सालिक

-11_ हेटौंडामा पूर्णकदको स्व. श्री ५ महेन्द्रको सालिक, पशुपति क्षेत्रभित्र सिंहासनसहित पूर्णकदको श्री ५ वीरेन्द्र वीर विक्रम शाहको प्रतिमा

-12_ बालाजुभित्र रहेको अर्धकदको आदिकवि भानुभक्तको सालिक

-13_ तनहुँ जिल्लामा रहेका अर्धकदको आदिकवि भानुभक्तको सालिक

[32] ऐजन ।
[33] ऐजन ।
[34] बालकृष्ण तुलाधर (मूर्तिकार) बाट प्राप्त जानकारीअनुसार ।

-14_ ललितपुर इनरूवामा रहेको पूर्णकदको सहिद शुक्रराजको सालिक

-15_ सल्यानमा रहेको अर्धकदको महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक नगदपुरस्कारसहित

-16_ विराटनगरमा रहेको पूर्णकदको क्रान्तिकारी रामप्रसाद राईको सालिक

-17_ नेपालगन्जमा वीपीचोकमा रहेको पूर्णकदको वीपी कोइरालाको सालिक

-18_ बबरमहल साइन्स क्याम्पसमा २०४६ सालको आन्दोलनमा सहिद भएको लालबहादुर बमको अर्धकदको सालिक

-19_ रत्नराज्य क्याम्पसमा २०४६ सालको आन्दोलनमा सहिद भएका टङ्कप्रसादको सालिक २०४६ मा प्रमाणपत्रसमेत

-20_ चम्पादेवी गाउँमा रहेको पूर्णकदको पुष्पलालको सालिक

-21_ पोखराको शान्ति वनवाटिकामा रहेका ११ वटा श्रीपेचहरू

-22_ रेडक्रसमा रहेको अर्धकदको प्रिन्सेस शाहको सालिक

-23_ सार्कसम्मेलनमा सात राष्ट्रका सातवटा प्रतिमाहरू

-24_ बौद्ध चुच्चेपाटीमा रहेका पर्वतारोही पासाङ्ग ल्हामु शेर्पाको पूर्णकदको सालिक, २०५३ मा प्रमाणपत्रसहित ।

-25_ सोल्टीमोडमा छिन्नलता बङ्गलास्थित पूर्णकदको रमोलादेवी शाहको सालिक २०५६

-26_ सानेपामा मनमोहन प्रतिष्ठानमा रहेको अर्धकदको मनमोहन अधिकारीको सालिक २०५७

-27_ सिराहा जिल्लामा रहेको अर्धकदको गणेशमान सिंहको सालिक (२०५८)

-28_ शोभा भगवतीमा रहेको अर्धकदको गणेशमान सिंहको सालिक (२०५८)

-29_ शोभा भगवतीमा मङ्गलादेवी सिंहको सालिक (२०५८)

-30_ ज्याबहाल नवयुग माध्यामिक स्कुलमा स्कुल संस्थापक जीवनप्रसादको अर्धकदको सालिक

-31_ ल्हासा तिब्बतमा लक्ष्मीप्रसाद देवकाटोको अर्धकदको सालिक (२०५८)

-32_ शिक्षा परिषद्मा रहेको अर्धकदको गोपाल पाण्डेको सालिक

-33_ चितवनको दासढुङ्गामा रहेको मदन भण्डारीको अर्धकदको सालिक सालिक २०५८ मा प्रमाणपत्रसहित प्राप्त ।

-34_ चितवन दासढुङ्गामा रहेको जीवराज आश्रितको अर्धकदको सालिक २०५८ मा प्रमाणपत्र

-35_ भक्तपुर उद्योग वाणिज्य सङ्घमा रहेको स्वं श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको सालिक

-36_ स्व. श्री ५ ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको अर्धकदको सालिक

-37_ नेपालगञ्जमा पुष्पलाल चोकमा रहेको पूर्णकदको पुष्पलालको सालिक

-38_ बाँसबारीमा सहिद गङ्गालाल अस्पतालमा सहिद गङ्गालालको अर्धकदको सालिक

-39_ शोभा भगवतीमा रहेको सहिद दशरथ चन्दको सालिक

-40_ शोभा भगवतीमा रहेको सहिद गङ्गालालको सालिक

-41_ मिर्चयाको मिर्चया स्कुलमा १२० वर्षको शादुबाबाको पूर्णकदको प्रतिमा

-42_ अरनिको राजमार्गमा अरनिकोको सालिक

-43_ भाटभटेनी चोकमा अमर सहिद वरिष्ट उपरीक्षक परमेश्वर सिजापतिको अर्धकदको सालिक

-44_ भीमसेन थानमा रहेको २०४६ सालमा सहिद भएका गोपी महर्जनको सालिक

-45_ लाजिम्पाटमा डा. डिल्लीराम रेग्मीको अर्धकदको सालिक

-46_ वीरगञ्जमा रहेको गणेशमान सिंहको सालिक

-47_ लैनचौर समाजकल्याण परिषद्मा स्व. श्री ५ महेन्द्रको पूर्णकदको सालिक

-48_ बौद्धमा रहेको आङ्गर्दोजे लामाको अर्धकदको सालिक

-49_ मनाङ विमानस्थलमा रहेको स्व. श्री ५ महेन्द्रको पूर्णकदको सालिक

-50_ बौद्धमा रहेको आङ्गदोर्जे लामाको अर्धकदको सालिक

-51_ स्याङ्गजामा रहेको अर्धकदको डा. हर्षबहादुर गुरूङको सालिक

-52_ कालीमाटी चोकमा रहेको कवि चित्तधरको पूर्णकदको सालिक

-53_ विराटनगरमा मनमोहन मेमोरियल कलेजमा स्व. श्री मनमोहन अधिकारीको पूर्णकदको सालिक

-54_ बालाजु डेन्टल कलेज अस्पतालमा रहेको अर्धकदको तीर्थराम बज्राचार्यको सालिक

उपर्युक्त सालिक बनाइसकेका बालकृष्ण तुलाधरले त्रिमूर्ति निकेतनमा रहेका लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका मूर्तिहरू बनाएका छन् । बालकृष्ण तुलाधर आफ्नो अभिव्यक्ति यसरी दिन्छन, "पहिले देश बाहिरबाट सालिक झिकाउनुपर्थ्यो । मेरा बुबा रत्नबहादुरले पहिलोपटक सैनिक अस्पतालमा सिपाहीको सालिक बनाएपछि चन्द्रशमशेरले 'अबदेखि सालिकमूर्ति बनाउने काम नेपालमै हुन्छ, बाहिरबाट झिकाउनुपर्दैन' भने । यो सालिक बनाएपछि उहाँ नाइकेबाट मेम्बर बन्नुभयो र एकहजार रूपियाँ पुरस्कार पाउनुभयो ।[35]

देशभित्रका विभिन्न ठाउँमा साठी सत्तरीओटा मूर्ति निर्माण गरिसकेका बालकृष्ण तुलाधरले बनाएको त्रिमूर्तिको सालिक उल्लेखनीय छ । देशका विभिन्न ठाउँमा मूर्ति निर्माण गरिसकेका अनुभवले खारिएका तुलाधरलाई त्रिमूर्तिको सुन्दर र आकर्षक मूर्ति निर्माणको लागि चयन गरेको पाइन्छ ।

**३.६ त्रिमूर्ति निकेतन स्थापना गर्नुको कारण**

निकेतनको स्थायी रूप दिन अथवा त्रिमूर्तिको संरक्षण गर्न एउटा स्थायी संस्थाको आवश्यकता बोध भई त्रिमूर्ति निर्माण समितिलाई त्रिमूर्ति निकेतनमा परिणत गरिएको हो ।[36] त्रिमूर्ति निर्माण गर्न लागेको रकमबाट बचत रहेको रकमद्वारा त्रिमूर्ति निकेतन भवनको निर्माण भयो । व्यक्तिगत घर त सबैले बनाएकै छन्, बनाउँछन् पनि, सार्वजनिक महत्वका यस्ता स्थलहरूको निर्माणका लागि त्यति ध्यान दिइदैन त्यस्तो काममा खटेर के फाइदा ? आजको स्वार्थी युगमा यसो भन्नेहरू पनि पाइन्छन् । आफ्नो घर बनाउँदा जुन आनन्द वा सन्तुष्टि प्राप्त हुन्छ त्यस भन्दा धेरै बढी आनन्द र सन्तुष्टि यस्ता स्थलको निर्माणबाट प्राप्त हुन्छ भन्ने अनुभव भएको छ । पूर्णकदको सालिक त्यो पनि तीन तीन जनाको सालिक तथा त्रिमूर्ति निकेतनको स्थापना साहित्यिक जगतमा विशेष उपलब्धिको रूपमा हेरिएको छ र हेरिनुपर्दछ ।

---

[35] ऐजन ।

[36] नरेन्द्रराज प्रसाईसँग लिइएको लिखित अन्तर्वार्ताबाट ।

त्रिमूर्ति निर्माण गरेर मात्रै सफलता प्राप्त हुँदैन किनकि त्रिमूर्तिको संरक्षण संवर्द्धन निरन्तरताको हिसाबले पनि एउटा संस्थाको आवश्यकता पर्दछ वा त्रिमूर्तिको संरक्षणको लागि केही न केही गर्नु पर्छ । कोही न कोही अगाडि सर्नै पर्ने छ । अन्यथा विकृतिबाट मुक्ति पाँइदैन, खराबी र अन्योलले स्थान पाइरहन्छ । हुन त कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकाटा तथा बालकृष्ण समका सालिकहरू अरूतिर पनि स्थापित नभएका होइनन् तर यी तीनजना प्रतिभाहरूका पूर्ण कदका मूर्तिहरू यसरी एकै ठाउँमा र यति सम्मानसाथ कतै निर्मित भएका छैनन् । यो आफैमा एउटा नवीन र उत्तम सुझबुझ भएको पाइन्छ ।

## ३.७ त्रिमूर्ति निकेतनका उद्देश्यहरू

उद्देश्यविना कुनै पनि कार्यको सुरूआत हुँदैन । त्यसैले त्रिमूर्ति निकेतनमा कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकाटाको पूर्णकदको मूर्ति प्रष्ठिापित गरी त्यसको सम्भार गर्दै लाने र त्रिमूर्तिको व्यक्तित्व र कृतित्वको व्याख्या विश्लेषण र चिन्तन गर्ने उद्देश्यले नै त्रिमूर्ति निकेतनको स्थापना भएको छ । त्रिमूर्ति निकेतनका प्रमुख उद्देश्यहरू निम्नप्रकार छन् : [37]

-1_ त्रिमूर्तिको कृतिको व्याख्या, विश्लेषण र चिन्तन गर्ने

-2_ नेपाली साहित्यका त्रिमूर्ति अर्थात् कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णकदको मूर्तिको संरक्षण गर्दै जाने ।

-3_ त्रिमूर्तिद्वारा लिखित र त्रिमूर्तिबारे लेखिएका कृति र शोधग्रन्थ समाविष्ट गरी पुस्तकालयको सञ्चालन गर्ने ।

-4_ नेपाली भाषाको प्रचार गर्ने ।

-5_ नेपाली भाषा, साहित्य आदिबारे गोष्ठी, सभा र समारोहको आयोजना गर्ने ।

-6_ देश विदेशमा रहेका वरिष्ठ साहित्यप्रेमीको सम्मान गर्ने ।

[37] ऐजन ।

-7_ सालिकको अनावरण गर्ने सौभाग्य प्राप्त गरेका बालिकाहरूलाई स्नातक तहसम्मको अध्ययनका क्रममा आवश्यक पर्ने शैक्षिक सामग्री लुगाफाटाका साथै सम्पूर्ण आवश्यक खर्च जुटाइदिने जिम्मा पनि त्रिमूर्ति निकेतनले लिने ।[38]

**निष्कर्ष**

केही उद्देश्य लिएर कामको सुरूआत गरिन्छ । त्यसै अनुसार त्रिमूर्ति निकेतनले पनि विभिन्न किसिमका उद्देश्य लिएर आफ्नो कार्ययोजना अनुसार त्रिमूर्ति निकेतन नामक संस्थाको थालनी गरेको पाइन्छ । मूर्तिहरू बनाइसकेपछि मूर्तिको संरक्षण गर्ने, त्रिमूर्तिका कृतिहरू समाविष्ट गरी पुस्तकालयको संचालन गर्ने र नेपाली भाषाको प्रचारप्रसार गर्ने, नेपाली भाषा, साहित्य आदिबारे गोष्ठी सभा र समारोहको आयोजना गर्ने, आदि समग्र लक्ष्य छन् ।

**३.८ त्रिमूर्ति निकेतन स्थापनाको लागत**

त्रिमूर्ति निकेतनको निर्माणका क्रममा सकेसम्म थोरै खर्चले धेरै काम गर्न यस संलग्न रहेकाहरू कस्सिएका छन् ।[39] उनीहरूको उद्देश्य निर्माणकार्यलाई बलियो पार्नमा केन्द्रित थियो । त्रिमूर्ति निकेतनको जमिनदेखि बाह्रफुट गहिरो जग खनी त्यहीदेखि ढलान गर्दै भवनलाई सकेसम्म सुरक्षित पार्ने कसरत गरेका थिए । उनीहरुले आर्थिक रूपमा मितव्ययिता अँगाले तापनि निर्माणका क्रममा मन खुलाएर नै खर्च लगाएका थिए ।[40] त्रिमूर्ति निर्माणका लागि निम्नअनुसार खर्च भएको छ । ढलोट छ फुट बराबरको मूर्ति बनाउन प्रतिमूर्ति ४ लाख पचास हजारले त्रिमूर्तिको १३ लाख पचास हजार रूपैँया लागेको थियो । प्रसिद्ध मूर्तिकार बालकृष्ण तुलाधर र निजका परिवारलाई बारम्बार प्रेरित

[38] ऐजन ।
[39] ऐजन ।
[40] ऐजन ।

गरेपछि उनहिरूले आ-आफैले काम गरी ज्याला र नाफा लिएनन् र जम्मा पाँच लाख पचासहजार रूपिँया छुट दिए । त्यसअनुसार त्रिमूर्ति निर्माण र निकेतन निर्माणका लागि लागेको खर्च विवरण यसप्रकार छ : [41]

१. त्रिमूर्ति निर्माणका लागि लागेको खर्च रू.८,००,०००।-

२. त्रिमूर्ति निकेतन भवन निर्माणका लागि लागेको खर्च <u>रू.६,७१,३१६।-</u>

जम्मा रू.१४,७१,३१७-

ऋण सापटी रू.४५,७६१।-

त्रिमूर्ति र निकेतन बनाउनको लागि आर्थिक रूपमा मितव्ययिता अँगाले तापनि बलियो र मजबुत बनेको छ । तर दानवीर तथा मनवीर व्यक्तिहरूसँगको व्यक्तिगत आत्मीयताले गर्दा यो अकल्पनीय काम पनि सहज र सरल हुन पुगेको पाइन्छ । लगनशील र अनिवार्य रूपमा लागि परेर मात्र यो काम सफल हुन सकेको हो ।

### ३.९ त्रिमूर्ति स्थापनाको लागि प्राप्त आर्थिक सहयोग

कुनै पनि संस्था स्थापना गर्न सहयोग नभई सम्भव पनि नहुने देखिन्छ फलस्वरूप मूर्ति निर्माणका क्रममा भट्टराई र प्रसाई दम्पतीले मूर्ति निर्माण गर्ने कार्यमा निकै ढौडधुप गरेका छन् । कति ठाउँमा निराशा भएका छन् । त्यस सिलसिलामा यिनीहरूले कति ठाउँमा हात जोडेर अनुनयविनय गरेका छन्, कति ठाउँमा हतोत्साह भएर पनि फर्केका छन्, यिनीहरूले यस्तो सार्थक काममा कहिल्यै हरेस खाएनन् ।[42]

जीवन मर्यादाको पालन गर्दै जाँदा त्रिमूर्तिको दफादफामा यसका संस्थापकहरूको मन, वचन र कर्म फस्टाउँदै गएको छ ।[43] त्रिमूर्ति निकेतनको स्थापना राष्ट्रको लागि सानो कार्य भए तापनि पदलोलुप रही प्रतिष्ठा खोज्ने आजको नेपालमा शक्तिविहीन, पदविहीन, दलविहीनहरूको लागि यो अत्यन्तै विराट कार्य थियो । तैपनि दानवीर तथा मनस्वी व्यक्तिहरूसँगको व्यक्तिगत आत्मीयताले गर्दा यो दुसाहस काम पनि सहज र सरल हुन पुग्यो ।[44] केही रकम देवकोटा प्रतिष्ठान र सम फोउन्डेसनबाट प्राप्त भए पनि यी दुई संस्थाबाट मात्रै सम्पूर्ण रकम जुटाउन सम्भव थिएन । १३ लाख ५० हजार रूपैँयाका मूर्तिको मोल घटाएर ८ लाख मात्रै मा बनाएको थियो । तर त्यो पनि

---

[41] ऐजन ।
[42] ऐजन ।
[43] ऐजन ।
[44] ऐजन ।

कसरी तिर्ने भन्ने चिन्ताले सबैलाई पिरोलेको थियो । त्यसैताका जनरल भुपालमानसिंह कार्कीसमक्ष त्रिमूर्तिको योजनाको स्वरूप देखाउदा केही सहयोग प्राप्त भयो । त्रिमूर्ति निर्माणको क्रममा प्राप्त आर्थिक यसप्रकार छ : [45]

| | | |
|---|---|---|
| -1_ | श्री ५ को सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट | रू.२,००,०००।- |
| -2_ | सीताराम प्रज्ञाप्रतिष्ठानबाट | रू.२,५०,०००।- |
| -3_ | एकता प्रकाशनबाट | रू.२,१५,५५५।- |
| -4_ | लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानबाट | रू.२,००,०००।- |
| -5_ | भुपालमानसिंह कार्की प्रज्ञा परिषद्बाट | रू.२,००,०००।- |
| -6_ | देरूनिख सार्वजनिक हितगुठीबाट | रू.२,००,०००।- |
| -7_ | बालकृष्ण सम फाउन्डेसनबाट | रू.१,६०,०००।- |
| | जम्मा | रू.१४,२५,५५५।- |

त्रिमूर्ति निर्माणका क्रममा जग्गादेखि आर्थिक सहयोगको अभाव हुँदाहुँदै पनि सहयोग प्राप्त गर्न सफल भएर नै अहिले हरेक दफामा सबैको मन, वचन र कर्म टाँसिदै गएको पाइन्छ । यो त्रिमूर्ति भन्ने शब्दले बेग्लाबेग्लै तीनवटा मूर्तिले जरा गाडेको भए तापनि नरेन्द्रराज प्रसाई र ईन्दिरा प्रसाईले अघिल्लो पुस्ताका सुप्रख्यात र राष्ट्रिय प्रतिमाहरूको त्रिमूर्तिको निर्माणमा लागेर नेपाली भएर जन्मेपछि आफ्नो राष्ट्रको राष्ट्रिय दायित्व पूरा गरेको पाइन्छ । त्यसै अनुरूप नै नेपाली भाषासाहित्यको क्षेत्रमा नेपाल अधिराज्यमा पनि एउटा विशिष्ट शैली र प्रस्तुतिको त्रिमूर्ति मन्दिर स्थापित हुन सकेको छ ।

## ३.१० त्रिमूर्ति स्थापनाको क्रममा प्राप्त प्राविधिक सल्लाह र सहयोग

प्राविधिक सल्लाह सुझावको लागि मूर्ति निर्माणदेखि लिएर निकेतन निर्माणसम्म विभिन्न सीप र क्षमताका व्यक्तिले आफ्नो क्षमताले भ्याएसम्म भरपूर सहयोग र सल्लाह दिएका छन् । मूर्ति निर्माणको क्रममा उल्लेखनीय सहयोग गरेर मूर्ति निर्माण गरिदिने मूर्तिकार बालकृष्ण तुलाधर, गृहनिर्माणको क्रममा निःशुल्क सेवा पुऱ्याउने इञ्जिनियर तेम्बा शेर्पा, डा. देवीप्रसाद खनाल, साहित्यकार एसमी कोइराला र केशव

[45] ऐजन ।

सुवेदी, फोटो कवि कुमार आले, ठेकेदार, डिल्ली दाहाल, बगैंचा निर्माण गरिदिने बाग्मती नर्सरीका श्रीधर कार्की र नइ प्रकाशनका कार्यालय सहायक केशव गौतम, त्रिमूर्तिको चित्राङ्कित लोगो तयार गर्ने कलाकार कान्छाकुमार कर्माचार्य हुन् । अन्य सल्लाह सुझाव र सहयोगको लागि प्रारम्भिक पाइलाहरूप्रति सकारात्मक भावनाको सहयोग गर्ने मोदनाथ प्रश्रित र नरहरी आचार्य पनि स्मरणीय छन् । यस त्रिमूर्ति निर्माणको सफलतामा सबैको भावनात्मक सहयोगको समेत श्रेय रहेको छ ।

प्राविधिक सल्लाह र सुझावविना आकर्षक बनाउन एक्लै सम्भव देखिँदैन, बनाउने प्रक्रियातिर लागे पनि प्रत्येक कामको पछाडि कसै न कसैको अलि अलि सहयोगको अपेक्षा राखिएको हुन्छ भने राख्नु पनि जरूरी देखिन आउँछ । केही चीजको निर्माण गर्ने भन्ने एउटा साहस आफूमा छुट्टै लिएर अघि बढे तापनि त्यसको सफल रूप देख्न वा त्यसबाट सफलता प्राप्त गर्नको लागि विविध सीप र क्षमता भएका व्यक्तिबाट सहयोग सल्लाह लिनुपर्दछ । कोही पनि सबै काममा एक्लै निपूर्ण हुन सक्दैन, तसर्थ सम्पूर्ण व्यक्तिबाट छुट्टाछुट्टै सहयोग सल्लाह र सुझाव प्राप्त गरी कुनै पनि कार्यको सफलता गर्न सकिने कुराको जानकारी पाइन्छ । यसमा पनि मूर्तिकार देखि इन्जिनियर आदिको बृहत् सहयोग सल्लाह र सहयोग पाएर त्रिमूर्ति निर्माण र निकेतन निर्माणको सफलता प्राप्त गरेको पाइन्छ ।

## ३.११ त्रिमूर्ति निकेतनमा अवस्थित त्रिमूर्तिको अवस्था

त्रिमूर्ति निकेतनमा अवस्थित त्रिमूर्ति हाल दुई तले भवनमा निर्मित छ । रातो चाइनिज इँटाले बनाइएको यसमा बीचमा नमस्ते आकारको आकृतिले परिपूर्ण देखिन्छ । कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाम उल्लेख गरिएको शिला अवस्थित भई माथिल्लो तलामा प्रथम बाँयाबाट लेखनाथ पौड्याले दायाँ हातमा बैसाखी टेकिरहेका एवम् दौरा सुरूवालमा लामा लामा दाह्री, तालुखुइले चिटिक्क सजिएका, बीचमा बालकृष्ण सम, दौरा सुरूवाल, कोट, टोपी, आँखामा चस्मा लगाई बाँया हात पछाडी लुकाइरहेका तथा दायाँमा लक्ष्मीप्रसाद देवकोटा दौरा सुरूवाल कोट लगाई दुवै हात पछाडी फर्काई समानान्तर अवस्थामा रहेका छन् । प्रथम तलाको ठीक अगाडि शिलालेखमा बायाँबाट पहिला लाइनमा त्रिमूर्ति निकेतनका पदाधिकारीहरूको नाम, दोश्रो लाइनमा (बीच)मा साजसज्जा र दायाँपट्टी प्रथममा दाता गरी

नामाकरण उल्लेख गरिएको छ । त्रिमूर्ति निकेतनको यो अवस्था कोटेश्वरबाट जाँदा बाँया साइडमा एयरपोर्टको नजिक गौशालाको परिसरमा सूचना विभागका छेउमा देखिन्छ ।[46]

## ३.१२ त्रिमूर्ति निकेतनको उद्घाटन समारोह

नेपाली भाषा साहित्यका विभूतित्रय कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्मानमा स्थापित त्रिमूर्ति निकेतनको २०६१ साल भदौ ११ गते अनावरण भएको थियो । नेपाली साहित्यका स्रष्टात्रयको एकै ठाउँमा सालिक स्थापना यो नै प्रथम हो । उद्घाटनको क्रममा जोरपाटी स्थित समता शिक्षा निकेतनका पाँच वर्षिया रचना सुब्बा, सङ्गीता आचार्य र प्रमिला विश्वकर्माबाट अत्यन्त भव्य समारोहका माझ त्रिमूर्तिका पूर्णकदका सालिकको अनावरण भएको थियो ।[47] आर्थिक रूपमा विपन्न ती त्रिकन्यालाई स्नातक तहसम्म पढाउने जिम्मा त्रिमूर्ति निकेतनले लिएको छ । काठमाडौंको जोरपाटीस्थित समता शिक्षा निकेतनमा एकदुई तीन कक्षा हुँदैन । त्यस विद्यालयमा बुद्ध, पृथ्वीनारायण, भानुभक्त आदि विभूतिका नाउँबाट कक्षाको वर्गीकरण गरिएको छ ।

समता शिक्षा निकेतनमा बाँस र खरहरूले सुसज्जित ससाना झुप्राहरूमा कक्षा सञ्चालन गरिएको छ । साथै त्यस स्कुलका विद्यार्थीले दौरा सुरूवाल र गुन्यु चोली पनि लाउनैपर्छ । ती पोसाकहरू विद्यार्थीले किन्नुपर्दैन, स्कुलले नै उपहार दिने गर्दछ । त्यस स्कुलमा आर्थिक रूपले सम्पन्न मान्छेका बालबच्चाहरूले पढ्दैनन् ।

समता शिक्षा निकेतनका संस्थापक उत्तम सञ्जेल हुन् । उनको कुशल व्यवस्थापनले गर्दा विद्यार्थी सँग शुल्क लिनुपरेको छैन । विद्यार्थीका अभिभावकले शुल्क तिर्न खोजेमा उनी प्रति विद्यार्थीको मासिक एक सय रूपैँया लिने गर्छन् ।

त्रिमूर्तिका सालिकको अनावरण समता शिक्षा निकेतनका त्रिकन्याहरूबाट गराइयो । वर्ष ५ की रचना सुब्बा लेखनाथ पौड्याल वर्ष ५ की सङ्गीता आचार्य बालकृष्ण सम र वर्ष ५ की प्रमिला विश्वकर्मा लक्ष्मीप्रसाद देवकोटाको सालिक अनावरण गराइयो । आर्थिक रूपमा अत्यन्तै पछि परेका विद्यार्थीहरू खोज्दै जाँदा यी तीन कन्याकुमारी पाएको जानकारी पाइन्छ ।[48]

---

46 ऐजन ।
47 ऐजन ।
48 ऐजन ।

नेपाली परिवेशमा यस कार्यलाई स्वच्छ, पवित्र र कञ्चन रूपमा ग्रहण गरिएको छ । त्यति मात्र होइन त्रिकन्यालाई स्नातक तहसम्मको अध्ययन क्रममा आवश्यक शुल्क तिर्नेदेखि शैक्षिक सामग्री लुगाफाटो र आवश्यक खर्च जुटाउनेसम्मको जिम्मा पनि त्रिमूर्ति निकेतनले लिएको छ ।

त्रिमूर्ति निकेतनको उद्घाटन समारोहमा माधवप्रसाद घिमिरेको "यो खर्क (त्रिमूर्ति निकेतन) साहित्यको स्वर्ग हो ।" भनी त्रिमूर्ति निकेतनलाई साहित्यको स्वर्ग को रूपमा सम्बोधन गरेका थिए ।[49]

उद्घाटन समारोहका सभापति, कमल दीक्षितले आफ्नो मन्तव्यमा

"अपरिमेय छन् यी, अपूरणीय छन् अविभाज्य छन् । यी तीनमा एकलाई झिकिदिँदा बाँकी दुई अपूर्ण लाग्छ । अपूरा देखिन्छन् । त्यसै हुँदा नै यो पशुपति परिसरमा शिवका त्रिनेत्र जस्तै यी तीन व्यक्तिलाई एकै पादपीठमा स्थापित गरको हौं, हामीले [50] भन्ने दृष्टिकोण राखेका थिए ।"

त्रिमूर्ति निकेतनका अध्यक्ष्य घटराज भट्टराईले स्वागत मन्तव्यमा 'त्रिमूर्तिको समुद्घाटन समारोहलाई पावन यज्ञ भन्दै सम्बोधन गरेका थिए ।'[51]

**निष्कर्ष**

त्रिमूर्तिलाई जीवन्त राख्ने हेतुले निकै सङ्घर्षपूर्वक त्रिमूर्ति निकेतन स्थापना भएको छ । विभिन्न व्यक्तिहरूबाट अर्थिक र प्राविधिक सहयोग प्राप्त भएर यो स्थापन हुन सकको हो । उद्घाटन समारोहमा जेहेन्दार आर्थिक अवस्थाले दुर्वल समता शिक्षा निकेतनका त्रिकन्यालाई खोजी त्रिमूर्तिको अनावरण गराउनु एउटा उदाहरणीय कार्य हो । आर्थिक रूपमा विपन्न ती त्रिकन्यालाई स्नातक तहसम्म पढाउने जिम्मा पनि त्रिमूर्ति निकेतनबाट भएको छ । उद्घाटन समारोहमा गन्यमान्य साहित्यप्रेमीको ठूलो चहलपहल भएको र माधवप्रसाद घिमिरे लगायतका अन्य साहित्यप्रेमीको बृहत् भेला रहेको पाइन्छ ।

---

[49] इन्दिरा प्रसाई सम्पादन (**त्रिमूर्ति निकेतन,** काठमाडौं त्रिमूर्ति निकेतन, २०६१), पृ.५४

[50] ऐजन पृ.५७ ।

[51] ऐजन पृ.५९ ।

# चौथो परिच्छेद

## त्रिमूर्ति निकेतनको योगदान

### ४.१ त्रिमूर्ति सम्मान

कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्णकदका सालिक निर्माणका साथ यी स्रष्टाहरूको बहुमुखी योगदानको अनुसन्धान हेतु स्थापित त्रिमूर्ति निकेतनको श्रीवृद्धिको लागि दिइएको योगदानको कदर गर्दै निम्नलिखित संस्था तथा व्यक्तित्वहरूमा त्रिमूर्ति निकेतनले त्रिमूर्ति सम्मान अपर्ण गरेको छ ।[52]

**'क' वर्ग**

-1_ एकता प्रकाशन (दाता)

-2_ देरूनिख सार्वजनिक हितगुठी (दाता)

-3_ भूपालमानसिंह कार्की प्रज्ञाप्रतिष्ठान (दाता)

-4_ सीताराम प्रज्ञाप्रतिष्ठान (दाता)

**'ख' वर्ग**

-1_ श्री एस. पी. कोइराला (विशेष सहयोगी)

---

52 ऐजन पृ.५९ ।

-2_ श्री कुमार आले फोटो कवि

-3_ श्री के. के. कर्माचार्य (चित्रकार)

-4_ श्री केशव सुवेदी (विशेष सहयोगी)

-5_ श्री तेम्बा शेर्पा (इन्जिनियर)

-6_ श्री बालकृष्ण तुलाधर (मूर्तिकार)

-7_ श्रीमती सलोमी तिमोथी लेप्चा (पुस्तकालय निर्माण)

-8_ श्रीमती सिन्धु राणा (उद्यान निर्माण)

-9_ साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड (विशेष सहयोगी)

त्रिमूर्तिले विभिन्न कालमा गरेका कामको प्रसंसा गरेर साहित्य प्रेमीहरूलाई विभिन्न किसिमले सम्मान र पुरस्कार प्रदान गरेर नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएको छ । जो तल दिइएका छन् ।

**लक्ष्मीप्रसाद देवकोटा समारोह समिति गठन**

त्रिमूर्ति निकेतनले सानोतिनो काममा अल्झेर बसेको छैन । यसले अन्य कार्यक्रमको पनि आयोजना गरेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सव मनाउने प्रक्रियामा छ । यो त्रिनारीरत्न (प्रेम राजेश्वरी, पारिजात र गोमा) को पूर्णकदका सालिक बनाउने सिलसिलामा छ । यसका लागि त्रिमूर्ति निकेतनद्वारा स्थापित लक्ष्मीप्रसाद देवकोटा शतवार्षिक समारोह समितिको गठन यसप्रकार गरेको छ ।[53]

अध्यक्ष : डा. मोदनाथ प्रश्रित

उपाध्यक्ष : सुश्री भद्रकुमारी घले

सदस्यहरू : प्रा.डा. अरूण सायमी

श्रीमती इन्दिरा प्रसाई

प्रा.डा. उषा ठाकुर

श्रीमती उषा शेरचन

डा. कुमारबहादुर जोशी

श्री खनुपूरूदे 'रामबाबु'

---

[53] नरेन्द्रराज प्रसाईबाट लिएको अन्तर्वार्ता ।

प्रा.डा. गार्गी शर्मा

मा. गोपाल ठाकुर

श्री गोविन्द भट्ट

डा. चूडामणि बन्धु

श्री जीवन लामिछाने

प्रा. ठाकुर पराजुली

मा. नरहरि आचार्य

श्री नित्यराज पाण्डे

डा. राजेन्द्र विमल

प्रा. राजेन्द्र सुवेदी

श्री रामशरण दर्नाल

सुश्री शान्ता श्रेष्ठ

श्री श्यामप्रसाद शर्मा

पं श्यामदास वैष्णव

श्री सत्यमोहन जोशी

श्री हरि श्रेष्ठ

सदस्य सचिव : श्री नरेन्द्रराज प्रसाई

महाकवि देवकोटा शताब्दी महोत्सव (संयोजकहरू)

| | |
|---|---|
| सुश्री भद्रकुमारी घले | चित्रकला महोत्सव |
| पं श्यामदास वैष्णव | कविता महोत्सव |
| श्री खनुपूरूदे 'रामबाबु' | स्मारिका प्रकाशन |
| श्री सत्यमोहन जोशी | अन्तर्राष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन |
| प्रा. राजेन्द्र सुवेदी | स्नात्तकोत्तर स्तरीय निबन्ध महोत्सव |
| प्रा.डा .चूडामणि बन्धु | काठमाडौं उपत्यका स्कुल स्तरीय काव्य महोत्सव |
| श्री गोविन्द भट्ट | काठमाडौं उपत्यका स्कुल स्तरीय चित्रकला महोत्सव |
| सुश्री शान्ता श्रेष्ठ | अभिलेखालय |
| श्री जीवा लामिछाने | आर्थिक समिति |
| श्रीमती उषा शेरचन | अन्तर्राष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन |

स्वागत तथा सत्कार समिति

यस समिति निर्माणबाट विभिन्न सम्मान र पुरस्कार प्रदान गरिएको छ ।

## ४.२ महाकवि देवकोटा शताब्दी महोत्सवबाट सम्मान र पुरस्कार

महाकवि देवकोटा शताब्दी महोत्सवबाट सम्मान र पुरस्कारहरू समर्पित गरिएका छन् । त्रिमूर्तिमध्येका एक महाकवि देवकोटाको जीवनमा अत्यन्तै महत्वपूर्ण सार्थक र ऐतिहासिक सहयोग पुऱ्याउने, नेपाली वाङ्मयको श्री वृद्धिका लागि निरन्तर समर्पित हुँदै रचनात्मक रूपमा देशदेशान्तरमा नेपालको प्रतिष्ठा बढाउनमा महत्त्वपूर्ण योगादन दिने २००० सालपूर्व जन्मेका स्रष्टा र नेपाली वाङ्मयको श्री वृद्धिका लागि समर्पित हुँदै नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका लागि रचनात्मक कार्य गर्ने नेपाल बाहिरका नेपाली भाषाका स्रष्टाहरूलाई महाकवि देवकाटा शताब्दी महोत्सवबाट सम्मान प्रदान गरिएको छ । यी सम्मानहरु यसप्रकार छन् :[54]

---

### ४.२.१. दिवङ्गत स्रष्टाहरू

महाकवि देवकोटाको जीवनमा अत्यन्तै महत्त्वपूर्ण सार्थक र ऐतिहासिक सहयोग पुऱ्याउने दिवङ्गत स्रष्टाहरूलाई सम्मान गरिएको छ ।[55]

-1_प्रा. डा. ईश्वर बराल

-2_डा. क्षितिशचन्द्र चक्रवर्ती

-3_गणेशमान सिंह

-4_महेन्द्र वीरविक्रम शाह

-5_मृगेन्द्रशमशेर ज.ब.रा.

-6_ब्रह्मशमशेर ज.ब.रा.

-7_डा. यडमर आर. मिलर (बेलायत)

-8_महापण्डित राहुल साङ्कृत्यायन (भारत)

-9_डा. ल्युदमिला आगानीना (रूस)

-10_ डा. वर्कले हिल (अमेरिका)

---

[54] समकालीन साहित्य डटकम, सन् २००९, बेल्जियम ।

[55] **देवकोटा शताब्दी डायरी**, काठमाडौं: त्रिमूर्ति निकेतन २०६६ ।

-11_ डा. शिवमङलसिंह सुमन (भारत)

-12_ सूर्यविक्रम ज्ञवाली

### ४.२.२ २००० सालपूर्व जन्मेका स्रष्टाहरू

महाकवि देवकोटा शताब्दी सम्मानमा नेपाली वाङ्मयको श्री वृद्धिका लागि निरन्तर समर्पित हुँदै रचनात्मक रूपमा देशदेशान्तरमा नेपालको प्रतिष्ठा बढाउनमा महत्त्वपूर्ण योगदान दिनुहुने २००० सालपूर्व जन्मेका स्रष्टा निम्नलिखित छन् :-[56]

[56] ऐजन ।

-1_ श्री आर.डी. प्रभास चटौत

-2_ श्री उपेन्द्र श्रेष्ठ

-3_ डा. ओमवीरसिंह बस्नेत

-4_ श्री कञ्चन पुडासैनी

-5_ श्री कमल दीक्षित

-6_ श्री कालीप्रसाद रिजाल

-7_ श्री किरण खरेल

-8_ श्रीमती कुन्दन शर्मा

-9_ श्री कृष्ण जोशी

-10_ श्री कृष्णचन्द्रसिंह प्रधान

-11_ श्री कृष्णप्रसाद पराजुली

-12_ श्री कृष्णभक्त श्रेष्ठ

-13_ श्री केवलपुरे किसान

-14_ प्रा.डा. केशवप्रसाद उपाध्याय

-15_ खेमराज केशवशरण

-16_ श्रीमती गीताकेशरी

-17_ श्री गोपीकृष्ण शर्मा

-18_ श्री गोविन्द भट्ट

-19_ श्री गोविन्दबहादुर मल्ल 'गोठाले'

-20_ श्री घनश्याम राजकर्णिकार

-21_ श्रीमती चन्द्रकला नेवार

-22_ प्रा.डा. चूडामणि बन्धु

-23_ श्री चेतन कार्की

-24_ डा. चेतबहादुर कुँवर

-25_ श्री जगन्नाथ त्रिपाठी

-26_ प्रा. ठाकुर पराजुली

-27_ श्री डायमनशमशेर राणा

-28_ प्रा.डा. तारानाथ शर्मा

-29_ श्री तुलसी दिवस

-30_ श्री तेजेश्वरबाबु ग्वंग

-31_ प्रा.डा. दयाराम श्रेष्ठ

-32_ प्रा.डा. दुर्गाप्रसाद भण्डारी

-33_ श्री दुर्गालाल श्रेष्ठ

-34_ श्रीमती देवकुमारी थापा

-35_ सुश्री देवी शर्मा

-36_ श्री देवीचन्द्र श्रेष्ठ

-37_ श्री देवीप्रसाद वनवासी

-38_ श्री द्वारिका श्रेष्ठ

-39_ जनकविकेशरी श्री धर्मराज थापा

-40_ डा. ध्रुवचन्द्र गौतम

-41_ श्री नगेन्द्र शर्मा

-42_ श्री नित्यराज पाण्डे

-43_ श्री परशु प्रधान

-44_ श्री पीटर जे. कार्थक

-45_ श्रीमती पीताम्बरा पीयूष

-46_ श्रीमती पुण्यरश्मि
-47_ श्री पुष्कर लोहनी
-48_ श्री पूर्णप्रकाश नेपाल यात्री
-49_ श्री प्रकाश ए.राज
-50_ श्री प्रेमविनोद नन्दन
-51_ श्री फणीन्द्रराज खेताला
-52_ प्रा. बालकृष्ण पोखरेल
-53_ श्रीमती बुलु शर्मा
-54_ श्री बैरागी काइँला
-55_ श्री भानुभक्त पोखरेल
-56_ श्री भीम विराग
-57_ प्रा.डा. भीष्मराज प्रसाई
-58_ श्री भैरवनाथ रिमाल कदम
-59_ श्री मनु ब्राजाकी
-60_ श्री मनुजबाबु मिश्र
-61_ श्री मदन रेग्मी
-62_ श्री मदनमणि दीक्षित
-63_ डा. महेश्वर शर्मा
-64_ राष्ट्रकवि श्री माधव घिमिरे
-65_ श्री माधव भण्डारी
-66_ श्री माधवलाल कर्माचार्य
-67_ प्रा. मुकुन्दशरण उपाध्याय
-68_ प्रा.डा. मुरारिप्रसाद रेग्मी
-69_ प्रा. मोहनराज शर्मा
-70_ प्रा.डा. मोहनहिमाशुं थापा
-71_ श्री यादव खरेल
-72_ श्री रत्नशमशेर थापा
-73_ श्रीमती रमा शर्मा
-74_ श्री रमेश खकुरेल
-75_ श्री रामशरण दर्नाल
-76_ श्रीमती राधिका राय
-77_ डा. रामदयाल राकेश
-78_ डा. राममान तृषित
-79_ श्रीमती रेवती राजभण्डारी
-80_ श्री लक्ष्मण लोहनी
-81_ श्री वसन्तकुमार शर्मा नेपाल
-82_ प्रा.डा. वासुदेव त्रिपाठी
-83_ श्री विश्वम्भर चञ्चल
-84_ श्री शरदकुमार भट्टराई
-85_ श्री शिव रेग्मी
-86_ प्रा. शिवगोपाल रिसाल
-87_ पं. श्यामदास वैष्णव
-88_ श्री श्रीकृष्ण गौतम
-89_ श्री श्रीधर खनाल
-90_ श्री श्रीहरि रूपाखेती
-91_ श्री सत्यमोहन जोशी
-92_ श्रीमती सावित्री पोखरेल
-93_ श्री सुन्दरप्रसाद शाह दुःखी
-94_ श्री हंसपुरे सुवेदी
-95_ श्री हरि श्रेष्ठ
-96_ श्री हरिभक्त न्यौपाने
-97_ श्री हर्षनाथ भट्टराई

-98_ श्री हिरण्य भोजपुरे -99_ श्री हेम हमाल

**४.२.३ राजनीतिक क्षेत्रका स्रष्टा :-**

राजनीतिक क्षेत्रका स्रष्टाहरू महाकवि देवकोटा शताब्दी सम्मानबाट सम्मानित यिनीहरु यसप्रकार छन् ।[57]

-1_श्री आनन्ददेव भट्ट

-2_श्री कमलराज रेग्मी

-3_श्री क्षेत्रप्रताप अधिकारी

-4_श्रीमती कमला न्यौपाने

-5_श्री गोविन्दप्रसाद लोहनी

-6_श्री जगदीशशमशेर राणा

-7_श्री दान खालिङ

-8_श्री ज्ञान उदास

-9_श्री दान खालिङ

-10_ श्री नारायणमान बिजुक्छे रोहित

-11_ श्री नारायणप्रसाद शर्मा

-12_ श्री पासाङ गोपर्मा

-13_ सुश्री भद्रकुमारी घले

-14_ श्री महेश्वर राय

-15_ श्रीमती मिठाईदेवी विश्वकर्मा

-16_ डा. मोदनाथ प्रश्रित

-17_ श्री मोहनविक्रम सिंह

-18_ श्री यज्ञप्रसाद आचार्य

-19_ श्री राजेश्वर देवकोटा

-20_ श्री रामचन्द्र भट्टराई

-21_ श्री रामहरि जोशी

[57] ऐजन ।

-22_ श्री रामहरि शर्मा

-23_ श्री लोकेन्द्रबहादुर चन्द

-24_ श्री शक्ति लम्साल

-25_ श्रीमती शान्ता पोखरेल

-26_ सुश्री शान्ता श्रेष्ठ

-27_ श्री श्यामप्रसाद शर्मा

-28_ श्री सूबसेन ओली

-29_ डा. हृषिकेश उपाध्या

-30_ श्री ज्ञान उदास

### ४.२.४ साहित्यिक पत्रकारिता

साहित्यिक पत्रकारिता क्षेत्रमा पनि देवकोटा शताब्दी सम्मान प्रदान गरिएको छ ती यस प्रकार छन् :

-1_ श्री चूडामणि रेग्मी

-2_ श्री मदनदेव भट्टराई

-3_ श्री रोचक घिमिरे

### ४.२.५ बालसाहित्य

बालसाहित्य क्षेत्रमा देवकोटा शताब्दी सम्मान प्राप्त गर्ने स्रष्टाहरु यस प्रकार छन् ।

-1_श्रीमती भुवनेश्वर सत्याल

-2_श्री शान्तादास मानन्धर

### ४.२.६ देवकोटा विषयक विधावारिधि

देवकोटा तथा देवकोटाका कृतिहरुलाई केन्द्र बनाई विद्यावारिधि गर्ने शोधकर्ताहरुले पनि देवकोटा शताब्दी सम्मान पाएका छन् । यी हुन् :

(यसपछिका व्यक्तित्वहरूमा उमेरको सीमा राखिएको छैन)

-1_प्रा. डा.इन्द्रविलास अधिकारी

-2_प्रा. डा. कुमारबहादुर जोशी

-3_डा. कृष्णराज अधिकारी

-4_प्रा. डा. घनश्याम नेपाल

-5_डा. दुर्गाप्रसाद अर्याल

-6_डा. नेत्रप्रसाद न्यौपाने

-7_प्रा. डा. महादेव अवस्थी

-8_डा. रामनाथ ओजा

-9_डा. रामप्रसाद ज्ञवाली

-10_ डा. सञ्जय राई वान्तवा

**४.२.७ देवकोटालाई रक्तदानकर्ता**

देवकोटा बिरामी हुँदा रक्तदान गर्ने पनि यस सम्मानबाट सम्मानित छन् ।

श्री भोलामानसिंह थापा

**४.२.८ देवकोटा शताब्दीका प्रमुख सहयोगी**

देवकोटा शताब्दी महोत्सव मनाउन सहयोग गर्ने व्यक्तिहरु पनि सम्मानित छन् :

-1_प्रधानमन्त्री श्री माधवकुमार नेपाल

-2_पूर्वप्रधानमन्त्री श्री पुष्पकमल दाहाल‘प्रचण्ड’

-3_पूर्व उपप्रधानमन्त्री श्री वामदेव गौतम

-4_श्री खनूप्रूदे ‘रामबाबु’

-5_सुश्री मनीषा कोइराला

-6_श्री जीवा लामिछाने

**४.२.९ सञ्चार**

देवकोटा शताब्दी महोत्सवमा सञ्चारका क्षेत्रबाट सहयोग गर्ने सञ्चार संस्था पनि देवकोटा शताब्दी सम्मानद्वारा सम्मानित छन् :

-1_अन्नपूर्ण पोष्ट दैनिक

-2_गोरखापत्र संस्थान

-3_बीबीसी नेपाली सेवा

-4_रेडियो नेपाल

**४.२.१० सङ्घसंस्था**

-1_त्रिभुवन विश्वविधालय

-2_नेपाल प्रज्ञाप्रतिष्ठान

-3_नेपाल सांस्कृतिक सङ्घ

-4_साझा प्रकाशन

**४.२.११ नेपाल बाहिरबाट सम्मानित नेपाली भाषाका साहित्यकारहरू**

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि निरन्तर समर्पित हुँदै नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका लागि रचनात्मक कार्य गर्ने नेपाल बाहिरका नेपाली भाषाका स्रष्टा निम्नलिखित छन् :[58]

१. **भारतबाट**

-1_श्री इन्द्रबहादुर राई

-2_श्री एमएम गुरूङ

-3_डा. कमला साङ्कृत्यायन

-4_डा. कुमार प्रधान

-5_श्री केदार गुरूङ

-6_श्री केबी नेपाली

-7_श्री गीता उपाध्याय

-8_श्री गुप्त प्रधान

-9_श्री गोपालबहादुर नेपाली

-10_ श्री गोपीनारायण प्रधान

-11_ श्री गोमा शर्मा

-12_ श्री छविलाल उपाध्याय

-13_ डा. जीवन नामदुङ

-14_ प्रा. टीकाराम उपाध्याय 'निर्भीक'

-15_ श्री दुर्गाप्रसाद श्रेष्ठ

-16_ श्री नरबहादुर दाहाल

-17_ श्री पवन चामलिङ 'किरण'

---

[58] ऐजन ।

-18_ श्री भीम दाहाल

-19_ श्री भूपेन्द्र अधिकारी

-20_ श्री मनप्रसाद सुब्बा

-21_ श्री महानन्द पौडेल

-22_ श्रीमती मैना थापा 'आशा'

-23_ प्रा. राजनारायण प्रधान

-24_ डा. लक्ष्मीप्रसाद पराजुली

-25_ डा. लख्खीदेवी सुन्दास

-26_ श्री लीलबहादुर क्षेत्री

-27_ श्रीमती विन्द्या सुब्बा

-28_ श्री वीरेन्द्र सुब्बा

-29_ श्री शरद क्षेत्री

-30_ डा. शान्ति क्षेत्री

-31_ श्री सानु लामा

-32_ श्री सानुमति राई

-33_ श्री सुवास दीपक

-34_ श्री डाइमनदास राई 'किरात'

२. **म्यान्मारबाट**

-1_कर्णेल श्री टङ्कध्वज नेपाल

-2_श्री ठाकुरप्रसाद गुरागाई

-3_श्री भवानीशङ्कर पोखरेल

-4_श्री मधुकर प्रधान

-5_श्री विष्णु पन्थी

३. **चीनबाट**

-1_श्रीमती चौ चाउ च्युन (कुसुम)

-2_श्री लिउ होङ स्याङ (रामहरि)

-3_श्री सु हाउ (मुकुन्द)

४. **जापानबाट**

-1_श्री काजुहिको साहेगी

-2_श्रीमती मिसिजु फुकुदा

-3_सुश्री साइगुसा रेइको

-4_प्रा. हुन हिरोसी इसी

५. **बेलायतबाट**

-1_डा. सुश्री भ्यालरी एम. इन्च्ले

-2_प्रा.डा. माइकल हट

६. **पाकिस्तानबाट**

-1_डा. श्रीमती ताहिरा निगत नयर

७. **जर्मनबाट**

-1_डा. भ्यानफ्रेद थ्रोई

८. **अमेरिकाबाट**

-1_श्रीमती एन हन्किन्स

**४.२.१२ विदेशमा रहेर नेपाली भाषाको सेवा गर्ने स्रष्टाहरू**

आफ्नो बसाइ विदेशमा भएपनि नेपाली भाषासाहित्यको सेवा गर्ने स्रष्टाहरु पनि सम्मानित छन् :

-1_श्री कृष्ण बजगाई (बेल्जियम)

-2_श्री कृष्णप्रकाश श्रेष्ठ (रूस)

-3_श्री जाकिर हुसेन 'जैकी मोजाह' (दुबई)

-4_डा. दुवसु क्षेत्री (म्यानमार, जापान र अमेरिका)

-5_श्री पशन तमु (हङकङ)

-6_श्रीमती भारती गौतम (अमेरिका)

-7_श्री सुरेशजङ्ग शाह (बेलायत)

-8_श्री होमनाथ सुवेदी (अमेरिका)

**४.२.१३ महाकवि देवकोटा शताब्दी कदरपत्र**

-1_श्री अरूणकुमार ओझा

-2_डा. उपेन्द्र महतो

-3_श्री ऋषिप्रसाद रिजाल

-4_डा. गणेशप्रसाद पोखरेल

-5_श्री जीवा लामिछाने

-6_डा. जुगल भुर्तेल

-7_श्री छविलाल कुँवर

-8_श्री नवराज पाण्डे

-9_डा. नीरज गोविन्द श्रेष्ठ

-10_ श्री विनयकुमार श्रेष्ठ

-11_ श्री शम्भुप्रसाद रिजाल

-12_ श्री सूचना विभाग

**४.२.१४ महाकवि देवकोटा शताब्दी पुरस्कार**

-1_ गणेशकवि (पचास हजार रूपियाँ राशि)

-2_ रेडियोकर्मी (पच्चीस हजार रूपियाँ राशि)

-3_ पं श्री श्यामदास वैष्णव

-4_ श्री हेम सुवेदी

**४.२.१५ महाकवि देवकोटा शताब्दी काव्य पुरस्कार**

महाकवि देवकोटा शताब्दी महोत्सवको आयोजना गरेको प्रतियोगितात्मक महाकवि देवकोटा चित्रकला महोत्सवमा, उत्कृष्ट चिज बनाउने दस जनालाई दस हजार रूपिँया राशि सहित सम्मानित भएका छन् :

-1_ श्री आई बी मल्ल

-2_ श्री इन्द्र खत्री

-3_ श्री चन्द्रकुमार ताम्राकार

-4_ श्री जीवन राजोपाध्याय

-5_ श्री डी बि चित्रकार

-6_ श्री पूर्ण बनेम

-7_ श्री भीष्म के.सी.

-8_ श्री राजन काफ्ले

-9_ श्री राजु चित्रकार

-10_ सुश्री विपना महर्जन

-11_ श्री हरि खड्का (अप्रतियोगी)

**४.२.१६ महाकवि देवकोटा शताब्दी काव्य पुरस्कार**

महाकवि देवकोटा शताब्दी महोत्सवले आयोजना गरेको प्रतियोगितात्मक महाकवि देवकोटा काव्य महोत्सवमा, उत्कृष्ट कविता रचना गर्ने स्रष्टालाई दस हजार रूपिँया राशि र ताम्रपत्र सहित सम्मान गरिएको थियो ।

-1_ श्री उज्ज्वल जी सी

-2_ श्री कृष्ण प्रसाद बस्याल

-3_ श्री ठाकुर बेलबासे

-4_ सुश्री पुष्पा बस्याल

-5_ श्री प्रह्लाद पोखरेल

-6_ डा. भूपहरि पौडेल

-7_ श्रीमती मञ्जुश्री गिरी

-8_ श्री मोमिला

-9_ श्री रावत (रामबहादुर तामाङ)

-10_ सुश्री रीता खत्री

**४.२.१७ महाकवि देवकोटा शताब्दी निबन्ध पुरस्कार**

देवकोटा शताब्दी महोत्सवकै अवसरमा आयोजित प्रतियोगितात्मक महाकवि देवकोटा स्नातकोत्तर निबन्ध महोत्सवमा, उत्कृष्ट निबन्धलाई दस हजार रूपिँया राशी र ताम्रापत्र सहित सम्मान गरिएको थियो ।

-1_ श्री टङ्कराज गौतम, नेपाली केन्द्रीय विभाग, त्रिवि

-2_ श्री प्रकाश आस्था, रत्नराज्यलक्ष्मी क्याम्पस

-3_ सुश्री लक्ष्मी अर्याल, नेपाली केन्द्रीय विभाग, त्रिवि

-4_ श्री विमल आचार्य 'आरोही', त्रिचन्द्र बहुमुखी क्याम्पस

-5_ श्रीमती सुधादेवी आचार्य, पद्मकन्या बहुमुखी क्याम्पस

**४.२.१८. महाकवि देवकोटा शताब्दी बालचित्रकला पुरस्कार**

शताब्दी महोत्सवकै अवसरमा आयोजित प्रतियोगितात्मक काठमाडौं उपत्यका विद्यालयस्तरीय महाकवि देवकोटा चित्रकला महोत्सवमा, उत्कृष्ट भई ताम्रपत्र र पाँच हजार राशि प्राप्त गर्ने बालबालिका १० जना छन् :

-1_ श्री अर्पण ज्ञवाली

-2_ सुश्री एलिना चौधरी

-3_ श्री कविराज राई

-4_ सुश्री निशा गुप्ता

-5_ सश्री देवीका किजू

-6_ सुश्री पलिस्था महर्जन

-7_ सुश्री मनसा शाक्य

-8_ श्री रविसन दुवाल

-9_ सुश्री विज्ञता कार्की

-10_ सुश्री श्रुयसा दाहाल

**४.२.१९. महाकवि देवकोटा शताब्दी बालकाव्य पुरस्कार**

प्रतियोगितात्मक काठमाडौं उपत्यका विद्यालय स्तरीय महाकवि देवकोटा काव्य महोत्सवमा, ताम्रपत्र र पाँच हजार राशि प्राप्त गर्नेहरू

-1_सुश्री अक्षि सुवेदी

-2_श्री असीम कँडेल

-3_श्री आनन्द अग्रवाल

-4_श्री कृष्णप्रसाद उप्रेती

-5_सुश्री चाँदनी श्रेष्ठ

-6_सुश्री नम्रता पाण्डे

-7_सुश्री नवीना ढकाल

-8_सुश्री शिवानी सिन्हा

-9_श्री सोमबहादुर घिसिङ

-10_ सुश्री हिना के.सी.

### ४.२.२० **सम शताब्दी सम्मान**

त्यसैगरी बालकृष्ण सम फाउन्डेसनको स्थापना २०५२ सालको मोती जयन्तीमा भएको हो यस सम फाउन्डेसनपछि यस संस्थाले राजधानीमा हरेक वर्ष सम जयन्तीको छुट्टै समारोहको आयोजना गर्न थाल्यो साथै यस संस्थाले पनि १३ वटा महत्त्वपूर्ण कृतिहरूको  प्रकाशन गऱ्यो । बालकृष्ण सम फाउन्डेसन विशेष गरी नाट्यजगतका सांस्कृतिक कर्मीहरूप्रति समर्पित हुँदै आइरहेको छ । यस फाउन्डेसनले लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानसँगको संयुक्त आयोजनामा त्रिमूर्ति निर्माणमा पूर्ण सहयोग गरेको थियो । त्रिमूर्ति निकेतनसँग सम्बन्धित संस्था भएकोले यस संस्थालाई त्रिमूर्ति निकेतन भन्दाबाहिर राख्न सुहाउँदैन । फलस्वरूप बालकृष्ण सम फाउन्डेसनबाट पनि नाटक विधामा वर्चस्व कायम गर्न व्यक्तिहरूले पनि सम शताब्दी सम्मान प्राप्त गरेका छन् जुन यस प्रकार छन् :

(१) श्री श्यामदास वैष्णव

(२) श्री हरिप्रसाद रिमाल

(३) श्री बेखनारायण महर्जन

(४) श्रीमती शान्ति मास्के

(५) श्री प्रचण्ड मल्ल

(६) श्री सिद्धान्तराम जोशी

(७) श्री रूद्रराज पाण्डे

(८) श्री गोपालराज मैनाली

(९) श्री रवि शाह

(१०) श्री जितेन्द्रमहत अभिलाषी

(११) श्रीमती सुभद्रा अधिकारी

(१२) श्री मदनदास श्रेष्ठ

(१३) श्रीमती भुवन श्रेष्ठ

(१४) श्रीमती वसुन्धरा भुसाल

(१५) श्रीमती शकुन्तला शर्मा

यस संस्थाल साहित्यका विभिन्न क्षेत्रमा विभिन्न तरिकाले सहयोग पुऱ्याउने साहित्यकारहरूलाई सम्माने गरेको छ । साथै यस संस्थाले नेपाली भाषासाहित्य आदिबारे गोष्ठी सभा, समारोहको आयोजना गर्ने गरेको पाइन्छ । त्रिमूर्ति निकेतनले त्रिमूर्तिले लेखेका कृतिहरूको संरक्षण, संवर्द्धन र विश्लेषण गर्ने भन्ने योजना बनाएको छ । त्रिमूर्ति निकेतनको स्थापनाले निर्भीक, निडर, स्पष्ट र स्वतस्फूर्त विचारहरू दिएर अबका दिनमा अरू विशेष साहित्यिक प्रतिभाको लागि यस समाज तथा देशले केही गर्नुपर्दछ भन्ने उत्साह, जोश र प्रेरणा यस निकेतनले दिएको छ ।

यस संस्थाबाट दुई ओटा पुस्तक पनि प्रकाशित भएका छन्, **त्रिमूर्ति गाथा** (२९६२) **र त्रिमूर्ति निकेतन** (२०६१) । यी किताबहरूको प्रकाशन हुनु भनेको नै त्रिमूर्तिका बारेमा जीवन व्यक्तित्व र तिनीहरूको कृतित्वको पुनः ताजा बनाई यिनीहरू अर्थात् त्रिमूर्तिका र निकेतनका विषयमा उठेका विचारहरूलाई प्रकाशित गर्नुपर्ने देखिन्छ । भने यसबाट अन्य साहित्यक लेखहरू पनि प्रकाशन हुने देखिन्छ ।

'त्रिमूर्ति निकेतन' ले युगयुगसम्म हाम्रो समाजको योगदान गरिरहनेछ । यस कार्यले कालान्तरमा आउने नयाँ नयाँ पुस्तासामु पनि नेपाली साहित्यको अर्चना गरिरहनेछ । साथै यसले नेपाली समाजका साहित्यकलाको मर्मस्पशबारे पनि बयान गरिरहने छ । वास्तवमा पुरानो पुस्ताको कृतिस्तम्भ नयाँ पुस्तासामु प्रस्तुत गर्ने एउटा नमुनाको स्वरूप नै त्रिमूर्ति निकेतन हो । यो पनि एउटा उल्लेखनीय योगदान हो ।

साहित्यमा देशभित्र वा बाहिर जहाँ रहेर पनि आफ्नो नेपाली भाषालाई माया गर्दै वा नेपाली भाषाप्रेमी कविलाई माया गर्दै उनकै सम्झनामा वा नेपाली साहित्यमा निरन्तर रूपमा लागिपरेका साहित्यप्रेमीलाई गरेको सम्मान पुरस्कार आदि त्रिमूर्तिको योगदानको देन हो । त्रिमूर्ति निकेतनमा त्रिमूर्तिका सालिक साथै त्रिमूर्तिले लेखेका र त्रिमूर्ति बारे लेखेका कृतिहरूको पुस्तकालयसमेत स्थापित हुनुले यो क्षेत्र नेपाली साहित्यको तीर्थस्थल बन्न पुगेको छ । यस्तो सार्थक र समाज उपयोगी काममा लगिपर्ने व्यक्तिहरूलाई उत्साहित गर्न, हौसला बढाउन यस त्रिमूर्ति निकेतन प्रेरणाको स्रोत बनेको छ ।

यसै क्रममा लक्ष्मीप्रसाद देवकोटा शतवार्षिक समारोह समिति (१९६६-२०६६) महाकवि देवकोटा शताब्दी महोत्सव अन्तराष्ट्रिय नेपाली भाषा साहित्य सम्मेलन २०६६

साल चैत ५-९ गतेसम्म भव्यताकासाथ सफल पार्‍यो । यस महान् कार्यलाई त्रिमूर्ति निकेतनको मुख्य योगदानको रूपमा हेरिएको छ ।

**निष्कर्ष**

लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम तथा लक्ष्मीप्रसाद देवकोटाका पूर्णकदको सालिक निमाण गरिसकेपछि यस संस्थाले नेपाली साहित्यमा विभिन्न तरिकाले योगदान दिएका व्यक्तिको खोज तलास गरेको छ । नेपालभित्र मात्रै नभएर नेपालबाहिरका देशहरूमा नेपाली वाङ्मयको श्रीवृद्धिका लागि रचनात्मक कार्य गर्ने स्रष्टा जस्तैः चीन, म्यान्मार, पाकिस्तान, जापान, बेलायत, जर्मन, अमेरिका लगायतका देशहरूमा बसी साहित्यिक सेवा गर्ने प्रतिभाहरूलाई त्रिमूर्ति निकेतनले सम्मान, पुरस्कार र सक्दो सेवा सहयोग गरेको छ । देवकोटाको जीवनमा अत्यन्तै महत्त्वपूर्ण सार्थक र ऐतिहासिक सहयोग पुर्‍याउने नेपाली वाङ्मयको श्रीवृद्धिका लागि निरन्तर समर्पित हुँदै रचनात्मक रूपमा देश देशान्तरमा नेपालको प्रतिष्ठा बढाउनेमा महत्त्वपूर्ण योगदान दिने २००० सालपूर्व जन्मेका स्रष्टा र नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका लागि रचनात्मक कार्य गर्ने नेपाल बाहिरका नेपाली भाषाका स्रष्टाहरूलाई महाकवि देवकोटा शताब्दी महोत्सवबाट सम्मान गरिएको छ । उपर्युक्त सम्मान पुरस्कार महासम्मान सबै त्रिमूर्ति निकेतनबाट प्राप्त मान सम्मानहरू हुन् ।

# पाँचौ परिच्छेद

# उपसंहार

नेपाली साहित्यमा त्रिमूर्ति भन्नाले कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटालाई जनाउँछ । जानकारीमा आएअनुसार २००९ सालदेखि त्रिमूर्तिको नामकरण भएको मानिन्छ । लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा दार्जिलिङ जाँदा उनीहरूलाई दार्जिलिङ कै त्रिमूर्तिले त्रिमूर्तिको रूपमा घोषणा गरेका थिए । यिनै प्रस्तावित त्रिमूर्ति अहिले आएर नेपाली साहित्यमा विकसित भएर एकै ठाउँमा अर्थात् 'त्रिमूर्ति' को स्वरूपमा नेपालको काठमाडौंमा पर्ने गौशाला परिसरको सूचना विभागको आडमा आएर त्रिमूर्ति स्थापित छन् ।

यसरी प्रस्तावित त्रिमूर्तिको साकार रूपसहित वि.स. २०६१ साल भदौ ११ गते भव्य रूपमा त्रिमूर्तिको अनावरण भएको पाइन्छ । भाषासाहित्यमा सिङ्गो जीवन अर्पण गरेको साधकहरूले पाउने सद्भाव गौरव अनुभूतिको एउटा पक्षको रूपमा देखिन्छ । त्रिमूर्ति निर्माण भने नेपाली साहित्यको इतिहासमा अघिल्लो पुस्ताका सुप्रख्यात प्रतिभाको त्रिमूर्तिको निर्माण गर्नु राष्ट्रिय दायित्व पनि हुन आउँछ । फलस्वरूप त्रिमूर्तिको निर्माण गर्न जुटेको भन्ने भनाइ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको छ । दुई दम्पतिबीच भएको कुराले तथा आफ्नो सक्रियता र लगनशीलताले गर्दा अन्य व्यक्ति तथा बुद्धिजिवीहरूलाई प्रभावित पाऱ्यो । यसैक्रममा लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानका अध्यक्ष घटराजलाई प्रस्ताव राखेर घटराज भट्टराईले सहमत जनाएपछि लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान र बालकृष्ण सम फाउन्डेसनको संयुक्त आयोजनामा नै त्रिमूर्ति निर्माण गर्ने निर्णय भएका हो ।

यसरी मूर्ति बनाउने निर्णय भइसकेपछि त्रिमूर्ति निर्माण गर्ने स्थलदेखि विभिन्न क्रियाकलापमा पनि समस्या देखिन आएको छ । कतिपय व्यक्तिहरूबाट त्यहाँ त्रिमूर्ति राख्न मिल्देन त्रिमूर्तिको ठाउँमा चौमूर्ति राख्न पाउनुपर्छ भन्दै हिड्नेहरू पनि देखिएका थिए तर नरेन्द्रराज प्रसाई इन्दिरा प्रसाईको साहस सङ्कल्प र अठोटले त्रिमूर्तिनिर्माणमा सफलता प्राप्त भएको हो । त्रिमूर्तिको निर्माणको लागि जग्गाको खोजीमा पनि धरै दुःख भएका हो । नइको प्रस्तावअनुसार पशुपति विकासकोषका सदस्य सचिव वसन्तकुमार चौधरी र प्रेस काउन्सिलका अध्यक्ष हरिहर विरही, नेपाल पत्रकार महासंघका सभापति तारानाथ

दाहालहरूले नै अनुमति दिए । त्यस पछि त्रिमूर्ति निर्माण स्थलको लागि अरू दुःख पाउन नपरेको देखिन्छ ।

जग्गा उपलब्धपछि मूर्ति निर्माणका लागि आवश्यक रकमको अभाव देखिन आउँछ । त्रिमूर्ति निकेतन निर्माणका क्रममा सकेसम्म थोरै खर्चले धेरै काम गर्न कस्सिएको र निर्माण कार्यलाई बलियो पार्न सबै केन्द्रित रहेका थिए । आर्थिक रूपमा जति मितव्ययिता अँगाले तापनि निर्माणका क्रममा मन खुलाएर खर्च लगाएको देखिन्छ । त्रिमूर्ति निर्माणका लागि ढलोटको छ फुट बराबरको मूर्ति बनाउन प्रतिमूर्ति ४ लाख पचास हजारले त्रिमूर्तिको १३ लाख पचास हजार रूपियाँ लागेको थियो । यसमा मूर्तिकारले ज्याला नाफा नलिनाले रू.८,००,०००।- लागेको थियो । त्रिमूर्ति निर्माणमा सहयोग गर्ने व्यक्ति तथा संस्थाहरू :- श्री ५ को सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय ( रू.२,००,०००।-) सीता राम प्रज्ञा प्रतिष्ठान (रू २,५०,०००।-) एकता प्रकाशन( रू.२,१५,५५५।-) लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान (रू.२,००,०००।-) भुपालमानसिंह कार्की प्रज्ञा परिषद् (रू.२,००,०००।-) देरूनिख सार्वजानिक हित गुठी (रू.२,००,०००।-) बालकृष्ण सम फाउन्डेसन (रू.१,६०,०००।-) छन् ।

प्राप्त सहयोगपछि त्रिमूर्ति निर्माण र निकेतन निर्माण गरी उद्घाटनको क्रममा जोरपाटी स्थित समता शिक्षा निकेतनका पाँच वर्षिया रचना सुब्बा, सङ्गीता आचार्य र प्रमिला विश्वकर्माबाट अन्यन्त भव्य समारोहका माझ त्रिमूर्तिका पूर्णकदको सालिकको अनावरण भएको छ । आर्थिक रूपमा विपन्न ती त्रिकन्यालाई स्नातक तहसम्मको अध्ययन क्रममा आवश्यक शुल्क तिर्नेदेखि शैक्षिक सामाग्री लुगाफाटो र आवश्यक खर्च जुटाउने सम्मको जिम्मा त्रिमूर्ति निकेतनले लिएको छ ।

त्रिमूर्ति निकेतनले पौड्याल सम र देवकोटाको मूर्ति निर्माणका साथ यी स्रष्टाहरूको बहुमुखी योगदानको अनुसन्धान हेतु स्थापित स्थापित त्रिमूर्ति निकेतनको श्री वृद्धिको लागि दिइएको योगदानको कदर गर्दै विभिन्न संस्था तथा व्यक्तिहरूमा सम्मान अर्पित गरेका छ । महाकवि देवकोटा शताब्दी महोत्सवबाट सम्मान, महासम्मान र पुरस्कारको पनि व्यवस्था गरेको छ ।  देवकोटाको जीवनमा अत्यन्तै महत्त्वपूर्ण सार्थक र ऐतिहासिक सहयोग पुऱ्याउने, नेपाली वाङमयको श्री वृद्धिका लागि निरन्तर समर्पित हुदै रचनात्मक रूपमा देशदेशान्तरमा नेपालको प्रतिष्ठान बढाउनमा महत्त्वपूर्ण योगदान दिने २००० सालपूर्व जन्मेको स्रष्टा र नेपाली वाङ्मयको श्री वृद्धिका लागि निरन्तर समर्पित हुँदै

नेपाली भाषाको अन्तराष्ट्रिय विस्तारका लागि रचनात्मक कार्य गर्ने नेपालबाहिरका नेपाली भाषाका स्रष्टाहरूलाई महाकवि देवकोटा शताब्दी महोत्सवबाट सम्मान गरिएको छ ।

महाकवि देवकोटाको जीवनमा अत्यन्तै महत्त्वपूर्ण सार्थक र ऐतिहासिक सहयोग पुऱ्याउने दिवङ्गत महानुभावहरूलाई नेपाल बाहिरका नेपाली भाषाका साहित्यकारहरूलाई (चीन, म्यानमार, भारत, पाकिस्तान, जापान, बेलायत, जर्मन र अमेरिका यस्तै अन्य कदरपत्र, साथै शताब्दी पुरस्कार, महाकवि देवकोटा शताब्दी बाल चित्रकला पुरस्कार र महाकवि देवकोटा शताब्दी बालकाव्य पुरस्कार आदि पुरस्कारहरू सम्मान र महासम्मान पनि यसै संस्थाले प्रदान गरेको छ ।

यसै संस्थाबाट दुईवटा किताब प्रकाशन गरेको छ, **त्रिमूर्ति गाथा** (२०६२) र **त्रिमूर्ति निकेतन** (२०६१) प्रबन्ध रचनाहरू हुन । यिनमा त्रिमूर्ति निकेतनका बारेमा उढेको विचारहरूलाई समेटिएको छ । । यिनमा त्रिमूर्तिको उद्घाटन समारोहदेखि छिटफुट पत्रिकाका लेखहरूलाई यसमा सङ्कलन गरी त्रिमूर्ति निर्माताकर्ता आर्थिक सहयोग दाता आदिको बारेमा चर्चा परिचर्चा गरिएको छ ।

# परिशिष्ट

## नरेन्द्रराज प्रसाईसँग लिइएको लिखित अन्तर्वार्ता

नेपाली साहित्यमा त्रिमूर्ति निकेतनको योगदान भन्ने शीर्षकमा शोधकार्य गर्ने सिलसिलामा मिति २०६६ पौष १७ गते नरेन्द्रराज प्रसाईसँग लिखित अर्न्तवार्ता लिइएको थियो । निकेतन निर्माणमा मुख्य भूमिका निर्वाह गर्ने नरेन्द्रराज सँगको लिखित अर्न्तवार्ता जस्ताको तस्तै यहाँ प्रस्तुत गरिन्छ ।

**शोधार्थी** :- **त्रिमूर्ति निर्माणमा लाग्ने सोच कसरी आयो ?**

**नरेन्द्रराज प्रसाई** :- नाट्यसम्राट बालकृष्ण सम जयन्ती समारोहको अवसरमा मैले २०५६ सालमा मन्तव्य प्रकट गरेको थिएँ । "अब हामी त्रिमूर्तीको पूर्णकदको सालिकको निर्माणमा लाग्नेछौं ।" वास्तवमा त्यसपछि हामी त्रिमूर्ति अर्थात् कविशिरोमणि, लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिकको निर्माणतर्फ जुटिरह्यौं । नेपाली साहित्यआकाशमा स्थापित त्रिमूर्तिहरूमध्ये, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान अर्थात् सुधपाको त्रिमूर्ति इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वरबल्लभको आयमेली त्रिमूर्ति र कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको त्रिमूर्तिमध्ये एउटा त्रिमूर्तिलाई एकै ठाउँमा स्थापित गराउन मन लाग्यो । नेपाली साहित्य संसारमा बेग्लाबेग्लै तीनओटा मूर्तिले जरा गाडेको भए तापनि हामी अघिल्लो पुस्ताका सुप्रख्यात राष्ट्रिय विभूति त्रिमूर्ति निर्माणतिरै लाग्यौं । यो कार्य हाम्रो राष्ट्रिय दायित्व पनि हो ।"

**शोधार्थी** :- **त्रिभूर्ति निर्माण गर्दा के कति समस्या आइलाग्यो त बताईदिनुहुन्छ कि ?**

**नरेन्द्रराज प्रसाई** :- कुरा नगर्नुहोस्......। यो काम गर्न हामीलाई त सुरूमा महाभारत नै थियो तर सहयोग पनि प्राप्त गऱ्यौ । धेरै दानवीरहरूबाट प्रसाद प्राप्त गर्न सक्यौं । तर बीचबीचमा हामीले गरेको काममा भाँजो हाल्ने पनि धेरै नै थिए ।

**शोधार्थी :- भाँजो हाल्ने भन्नाले कस्तो के कति दु:ख भयो बताइदिनु हुन्छ कि ?**

**नरेन्द्रराज प्रसाई :-** सुन्नोस्, म भन्छु । जग्गाको खोजी गर्नको लागि रातदिन भौतारिँदै हिँड्यौ । यही जग्गा खोज्ने क्रममा नरहरि आचार्यले आफ्नो सेतो गाडीमा चढाई तत्कालीन संस्कृत मन्त्री बल बहादुर के.सी.को निवास लिएर गए केही छिनको कुराकानीपछि बलबहादुरले सोधे "तपाँईको माग के छ ? किन आउनुभयो ?" हामीहरू धेरै गएका थियौँ, त्यसै मध्येबाट मैले भनें, "त्रिमूर्ति स्थापनाको लागि उपयुक्त ठाउँ पशुपति क्षेत्रमा हुन्छ कि त त्यहाँ राख्न पाऊँ !" तर बलबहादुर के. सी.ले "यदि तिमीहरूले त्यस ठाउँमा मूर्ति राख्छौ राख्छौ भने म लात्ताले हानेर भत्काइदिन्छु" भनें । त्यसपछि हामी सबैजना फर्क्यौँ ।

**शोधार्थी :- अनि त्यत्तिकै रहनुभयो की जग्गा खोज्ने प्रयास जारी नै थियो ?**

**नरेन्द्रराज प्रसाईं :-** होइन त्यसपछि पनि हामीहरूको खोजी त जारी नै थियो । सञ्चारग्रामको वरपर त्यस्तो ठाउँमा मेरो आँखा परे अब त्यही ठाउँमा नै मूर्ति स्थापना गर्नुपर्‍यो भन्ने विचार आयो । 'त्यसको लागि पनि अनुमतिको खाँचो थियो,' त्यसपछि पशुपति विकास कोषका सदस्य सचिव वसन्तकुमार चौधरी र प्रेस काउन्सिलका अध्यक्ष हरिहर विरही, नेपाल पत्रकार महासङ्घका सभापति तारानाथ दाहालसँग सहयोग मागें । उहाँहरूले नै अनुमति दिनुभयो (चिठी पठाउनुभयो) हुन्छ भन्ने खालको । त्यसपछि बल्ल ठाउँको बारेमा टाउको दुखाउनुपरेन । जग्गा भने अलि गहिरो राँगाभैंसीका हड्डीहरू फाल्ने फोहोरहरू फाल्ने जस्तो थियो । त्यस्तो ठाउँमा पनि मूर्ति स्थापना गर्न मिल्छ खै ! भन्दै धेरैले सोध्थे तर मलाई त नहुनुभन्दा कानो मामा भए पनि बेस भने झैं भयो म त त्यही प्राप्ति मा नै खुसी थिएँ ।

**शोधार्थी :- त्यसपछि लगत्तै मूर्ति स्थापनातिर लाग्नुभयो ?**

**नरेन्द्रराज प्रसाईं :-** अँ.... लाग्न त लाग्यौं तर पहिले सरसफाई गर्‍यौं, त्यही जग्गालाई मन्त्री कमल थापाले पनि पूर्ण समर्थन जनाउनुभो । उहाँले यही

स्थललाई नै त्रिमूर्ति स्थल घोषणा गर्दै राजपत्रमा पनि त्यो व्यहोरा आबद्ध गराइदिनुभयो ।

**शोधार्थी** :- **जग्गा त उपलब्ध भयो आर्थिक पूर्ण रूपमा थियो कि फेरि सहयोग चाहियो ?**

**नरेन्द्रराज प्रसाई** :- कसरी हुन्छ हामीसँग ? सहयोग माग्दै हिड्यौं सहयोग पनि प्राप्त भयो र मात्रै हामीले गर्न सकेका हौं ।

**शोधार्थी** :- **त्यसपछि सजिलैसँग मूर्ति स्थापना सफल भयो होइन ?**

**नरेन्द्रराज प्रसाई** :- सुन्नुहोस् है त ! सम्पूर्ण कुरा तयार भईसकेपछि त्रिमूर्तिको ठाउँमा चौमूर्ति बनाउनुपर्छ भन्नेहरु पनि थिए । केही साथीहरू आए अब त्रिमूर्तिको पूर्णकदको सालिक बनाउने हिसाबले १५ फिट तलबाट ठूलो छड निकालेर ल्यायौं । त्यसै क्रममा स्थापित, त्रिमूर्तिको ठाउँमा चौमूर्ति बनाउने भन्दै सिद्धिचरण श्रेष्ठको छोरा रविचरण श्रेष्ठ आए । त्यतिबेला मैले भनेको थिएँ, 'तपाईको बुबाको मूर्ति बनाउन बालकृष्ण तुलाधरलाई दिनुहोस् अनि म राखौंला ।'

**शोधार्थी** :- **कामको सुरूआत हुनुभन्दा पहिला हो कि काम सुचारू भइसकेपछि चौमूर्तिको कुरा आयो, बताइदिनुहोस् ?**

**नरेन्द्रराज प्रसाईं** :- २०५७ सालको कुरा हो, त्रिमूर्ति बनाउने कुराले क्रमशः बौद्धिक कान छुन थालेछ । अनि कुरा उड्दै रविचरण श्रेष्ठको कानमा पनि ठोक्किन पुगेछ । त्यसपछि श्रेष्ठले डा. रामप्रसाद उप्रेतीलाई लिएर मेरो घरमा आउनुभयो । उहाँको मेरो घर आगमनको विषय त्रिमूर्तिमा चौमूर्ति अर्थात् युगकवि सिद्धिचरण श्रेष्ठको समेत सालिक राख्ने मनसाय रहेछ मैले उहाँहरूलाई जवाफ दिएको थिएँ । सिद्धिचरण श्रेष्ठको नराख्ने प्रश्नै आउँदैन, तर हामीले त्रिमूर्ति नै राख्न लागेको हो । अनि श्रेष्ठले पनि मलाई सम्झाउन थाले सिद्धिचरण श्रेष्ठको पनि राखे भैहाल्छ नि ! किन हेला गर्ने ? उहाँका कुराले मेरो मन छोयो र मैले पनि तुरून्तै निष्कर्ष दिइहालें । रविजी तपाईको कुरा पनि बेठीक होइन । तर तपाईं ज्यूँदो हुँदा हुँदै

तपाईका बुबाका नाउँमा म पैसा उठाउन सक्दिनँ । तपाईले दुइओटामा एउटा काम गरिदिनुहोस् ।

१) तपाईको बुबाको मूर्ति निर्माणका लागि चार लाख ल्याउनुहोस् वा २) तपाईले त्रिमूर्ति बनाइराखेका बालकृष्ण तुलाधरलाई त्यही परिवेशको अर्को मूर्ति बनाउन तपाईका तर्फबाट अर्डर दिनुहोस् । मेरो कुरा सुनेर रविचरण श्रेष्ठ खुसी भए । उनले आफ्ना बुबाको मूर्ति बनाउनपर्ने चारलाख रूपिँया तीन महिनामा दिने प्रतिज्ञा मसँग गरे ।

**शोधार्थी** :- **पैसा तीन महिनामा आएन त ?**

**नरेन्द्रराज प्रसाई** :- तीन महिना के म तीनतीन वर्ष रल्लिन थालें । उहाँले कहिले "निवेदन ल्याउनुहोस्" भन्नुहुन्छ कहिले के भन्नुहुन्छ । त्यो रीतले चार वर्ष बित्यो उहाँबाट न मूर्ति आयो न त पैसा आयो । त्यसैले हामी चौमूर्ति राख्न असक्षम भयौं । वास्तवमा त्यो चार वर्ष मेरो काम रविचरण श्रेष्ठको पछि लागरे नै बित्यो ।

**शोधार्थी** :- **चार वर्षपछि बल्ल त्रिमूर्ति स्थापनातिर पो लाग्नुभयो हैन ?**

**नरेन्द्रराज प्रसाई** :- हो, चार वर्ष सम्म कहिले के कुराले कहिले के गर्दा बिताउन थालेँ ।

**शोधार्थी** :- **त्यसपछि मूर्ति स्थापनामा केही समस्या देखिएन त ?**

**नरेन्द्रराज प्रसाई** :- लगभग अब त्रिमूर्ति नै बनाउने भन्ने हिसाबले सबै तयार भैसकेपछि फेरि पनि सिद्धिचरणको छोरा रविचरण श्रेष्ठ आए । फेरि पनि आफ्ना बुबाको मूर्ति बनाउनको लागि कोसिस गरकोले सहयोग पनि गर्नुहुन्छ कि भन्दै मैले पुनः सहयोगको प्रस्ताव राखेँ ।

**शोधार्थी** :- **सहयोग केही पाउनुभयो त ?**

**नरेन्द्रराज प्रसाई** :- जग खनिसकेको छ, तर सहयोग कै आसमा काम ५-६ महिना अलपत्र रोकियो । अब आएनन् भन्दै फेरि जगलाई सुधार्न काम सुरू गरियो । डी.पी.सी. गरिसकेपछि १५-२० दिन सुकाउने क्रममा थियौं । त्यसैबेला रविचरण श्रेष्ठ, मोहन हिमांसु थापा, मोहन सिटौला सूर्य बहादुर सेनवली भएर हरिहर विरहीकाँ जानुभयो । त्यहाँ हामी ( इन्दिरा र मलाई) पनि बोलाइयो । ती चार जनामध्ये एक जनाले

"त्यस ठाउँमा त्रिमूर्ति नै राख्ने हो तर लेखनाथ पौड्यालको सालिक फाल्दिने हो, उनी कवि नै होइनन्" भने । त्यसपछि मैले "लेखनाथ पौड्याल ती दुई ओटा कवि (बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकाटा) का छाता हुन् । अब तपाइँहरुको नियत मैल बुझें यदि सिद्धिचरण श्रेष्ठको सालिक राख्ने हो भने यसठाउँमा एक जनाको सालिक मात्र राख्दछु, त्रिमूर्तिको राख्दिनँ" भनेँ ।

**शोधार्थी** :- **राख्दिनँ भन्दै राख्नुभयो त कस्तो सोच आयो र फेरि ?**

**नरेन्द्रराज प्रसाई** :- राख्दिनँ भन्दै सालिक निर्माण स्थलतिर लागें करिब आधा घण्टासम्म हाम्रो भनाभन भयो र त्यसपछि रविचरण श्रेष्ठ र मेरो हात हालाहाल हुन बाँकी मात्रै थियो । रविचरणले त्यहाँ मूर्ति राख्न दिँदैनौ, भोलिदेखि जुलुस ल्याउँछौं भन्दै धाक धम्की दिए । त्यसपछि दुवैजना आगो भैराखे साध्य पनि हुँदैन भन्ने मैले सोच राखें र शिवजी बन्नुपऱ्यो । त्यसपछि काम सफल पार्नका लागि म झूट पनि बोल्न बाध्य भएँ । अनि म चलिरहेको आक्रमक संवादलाई नाटकमा रूपान्तरण गर्नतिर अग्रसर भएँ । त्यसैले म तुरून्तै ठन्डा हुन थालें ।

**शोधार्थी** :- **त्यस्तो के झूट बोल्नुभयो, बताइदिनु हुन्छ कि ?**

**नरेन्द्रराज प्रसाई** :- मैले भने "यदि तपाईका बुबाको मूर्ति राख्नुहुन्छ भने तपाई मलाई सहयोग गर्नुहोस् आदिकवि भानुभक्त, युवाकवि मोतीराम भट्ट र युगकवि सिद्धिचरणको यहाँ त्रिमूर्ति बनाउँछु भन्दै सूचना विभागको अगाडिको खाली ठाउँतिर औंल्याएँ । त्यस अवधिमा झूटो बोलेर भए पनि म कुरा टार्नतिर लागें, हाम्रो झगडा र सम्झौता भएको भोलिपल्ट रविचरण श्रेष्ठका मेरा मान्य दाजु गणेश बहादुर प्रसाई (ने.रा.प्र.प्र.)बाट मलाई बोलाइयो । त्यहाँ उहाँले मलाई भन्नुभयो, "भाइ सिद्धिचरणको घोर अन्याय भयो, न्याय गर, तिमीले आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट र युगकवि सिद्धिचरण श्रेष्ठको सालिक एकैठाउँ राख्छु भनेछौं । मेरो भाइ नरेन्द्रले बोले पछि त ढुङ्गाको अक्षर हुन्छ, "यी शब्दले रविचरण श्रेष्ठ पनि दङ्ग परे

।" रविचरणको त्यस क्षणको अनुहार हेरेर मलाई काउकुती लागेको थियो ।

**शोधार्थी** :- **ढुङ्गाको अक्षर बनाउन सफल हुनुभयो त ?**

**नरेन्द्रराज प्रसाई** :- खै के भनूँ ! यो त मेरो बसको कुरा नै थिएन । तिनै लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकाटाको मूर्ति बनाउने क्रममा आर्थिक अनि जग्गा आदि इत्यादिको खोजबाट म हैरान भैसकेको थिए । फेरि सालिक राख्दै हिँड्ने मेरो पेसा पनि त होइन नि ! यो विषय त मेरो रूचि र रहर मात्रै हो, बाध्यता त होइन । तर ५/६ महिनापछि मेरा दाजु गणेशबहादुर प्रसाईले मलाई सोध्नुभयो, "कहिले थाप्छौ त जगसग भाइ भानुभक्त, मोतीराम र सिद्धिचरणको सालिक ?" अनि मेरो जवाफ थियो, पैसा खोज्नुपर्‍यो हेरौं, म त खट्छु । फेरि केही दिनमा रविचरण श्रेष्ठ र गणेशबहादुर प्रसाईले सोधे "यी त्रिमूर्ति स्थापना गर्न कति लाग्छ । मैले भने २५ लाख जति चाहिन्छ होला ।" त्यसपछि सम्भव नलागेर होला कुरा बन्द भयो । यसरी मैले त्रिमूर्ति निर्माण गर्ने भन्ने बेलादेखि मलाई अन्यत्रबाट पनि ज्यादै धम्की पनि नआएका होइनन् । यी विविध समस्या हुँदा हुँदै पनि अहिले त्रिमूर्तिको साकार रूप दिन हामी सफल भयौं ।

**शोधार्थी** :- **आर्थिक अभाव पनि अवश्य भए होला हैन ? आर्थिक सहयोग कोकोबाट प्राप्त भयो ?**

**नरेन्द्रराज प्रसाई** :- जीवन मर्यादाको पालन गर्दै जाँदा त्रिमूर्तिको दफादफामा हाम्रो मन वचन र कर्म फस्टाउँदै गएको छ । त्रिमूर्ति निकेतनको स्थापना राष्ट्रको लागि सानो कार्य भए तापनि पदलोलुप रही प्रतिष्ठा खोज्ने आजको नेपालमा हामी शक्तिविहीन, पदविहीन दलविहीनहरूको लागि यो अत्यन्तै विराट कार्य थियो । तै पनि दानवीर मनस्वी व्यक्तिहरूसँगको व्यक्तिगत आत्मियताले गर्दा हाम्रो लागि यो दुःशाहस काम पनि सहज र सरल हुन पुग्यो केही रूपैँया देवकोटा प्रतिष्ठान र सम फाउन्डेसनबाट प्राप्त भए पनि यी दुई संस्थाबाट

मात्रै सम्पूर्ण रकम जुटाउन सम्भव थिएन के गर्ने ? कसो गर्ने ? कसरी मूर्ति तयार गर्ने भन्दै विभिन्न ठाउँ व्यक्तिहरूबाट सहयोग सङ्कलन गर्न सफल भयौं ।

| | | |
|---|---|---|
| १. | श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट | रू.२,००,०००।- |
| २. | सीताराम प्रज्ञाप्रतिष्ठानबाट | रू.२,५०,०००।- |
| ३. | एकता प्रकाशनबाट | रू.२,१५,५५५।- |
| ४. | लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानबाट | रू.२,००,०००।- |
| ५. | भूपालमान सिंह कार्की प्रज्ञा परिषद्बाट | रू.२,००,०००।- |
| ६. | देरूनिख सार्वजनिक हितगुठीबाट | रू.२,००,०००।- |
| ७. | बालकृष्ण सम फाउन्डेसनबाट | रू.१,६०,०००।- |
| | | जम्मा रू.१४,२५,५५५।- |

यति हामीलाई सहयोग स्वरूप प्राप्त भएको रकम हो ।

**शोधार्थी** :- **सबै रकमलाई त्रिमूर्ति निर्माण र निकेतन निर्माणको लागि खर्च गर्नुभयो ?**

**नरेन्द्रराज प्रसाई** :- त्रिमूर्ति निर्माणको लागि हामीलाई पहिला भाउ मिलाउनको लागि बार्गनिङ गर्नुपऱ्यो सुरूमा १३ लाख ५० हजारको मूर्तिको मोल घटाएर आठ लाखमा ल्याएका थियौं । त्यसपछि बाँकी रहेको ६ लाख र अरू बाँकी पैसा र ऋण सापटीबाट निकेतन निर्माणतिर लाग्यौ । हामीलाई सहयोग रकमले मात्रै नपुगेर हामीले ऋण सापट लिएर भए पनि निकेतन निर्माण गरायौं ।

**शोधार्थी** :- **त्रिमूर्ति निर्माणको लागि कसलाई आग्रह गर्नुभयो ?**

**नरेन्द्रराज प्रसाई** :- त्रिमूर्ति निर्माणका लागि कलाकार मेम्बर रत्नबहादुरका छोरा बालकृष्ण तुलाधरलाई जसले नेपालका विभिन्न ठाउँमा सालिक निर्माण गरिसकेका छन् उनलाई नै आग्रह गरें ।

**शोधार्थी** :- **किन बालकृष्ण तुलाधरलाई नै रोज्नुभयो ? केही मूल्य घटाएर बनाउँछन् भन्ने लाग्यो कि कसो ?**

**नरेन्द्रराज प्रसाई** :- उनले नेपालका विभिन्न ठाउँमा मूर्ति बनाएर प्रसिद्धि कमाइसकेका हुनाले उनलाई नै आग्रह गरियो ।

शोधार्थी :- **त्रिमूर्ति मात्रै नबनाएर निकेतनको पनि निर्माण गर्नुभयो । यसको निर्माण गर्नुको कारण पनि बताइदिनुहोस् न ?**

**नरेन्द्रराज प्रसाई** :- निकेतनको स्थायी रूप दिन अथवा त्रिमूर्तिको संरक्षण गर्न एउटा स्थायी संस्थाको आवश्यकता बोध भई हामीले त्रिमूर्ति निर्माण समितिलाई त्रिमूर्ति निकेतनमा परिणत गरेका हौं ।

शोधार्थी :- **निकेतन पनि निर्माण गर्ने सोच पहिलाबाटै आएको थियो कि पछि ?**

**नरेन्द्रराज प्रसाई** :- सोच त थियो । किनकि यस त्रिमूर्ति निर्माण गरेपछि यसको संरक्षण र संवर्द्धनको लागि केही गर्नुपर्छ भन्ने थियो । त्यसैबेला त्रिमूर्ति निर्माण गर्न लागेको रकमबाट बचत रहेको रकमद्वारा त्रिमूर्ति निकेतन भवनको निर्माण गरियो ।

शोधार्थी :- **निकेतन निर्माणमा कत्तिको आनन्द प्राप्त भयो ?**

**नरेन्द्रराज प्रसाई** :- व्यक्तिगत घर त सबैले बनाएकै छन्, बनाउँछन् पनि । सार्वजनिक महत्त्वका यस्ता स्थलहरूको निर्माणमा त्यति ध्यान दिइँदैन त्यस्तो काममा खटेर के फाइदा ? आजको स्वार्थी युगमा यसो भन्नेहरू पनि नभएका होइनन् तर आफ्नो घर बनाउँदा जुन आनन्द वा सन्तुष्टि प्राप्त हुन्छ, त्यसमा धेरै बढी आनन्द र सन्तुष्टि यस्ता स्थलको निर्माणबाट प्राप्त हुन्छ वा हुँदो रहेछ भन्ने अनुभव मलाई भएको छ ।

शोधार्थी :- **त्रिमूर्ति निकेतन र त्रिमूर्ति निर्माणको लागि यहाँले भने अनुसार त रकम थोरै हो, तर राम्रो बनाउन सफल हुनुभयो यो कसरी सम्भव भयो ? बताइदिनु होस् न ।**

**नरेन्द्रराज प्रसाई** :- त्रिमूर्ति निर्माणका क्रममा सकेसम्म थोरै खर्चले धेरै काम गर्ने तथा निर्माण कार्यलाई बलियो पार्न कस्सिएका थियौं । त्रिमूर्ति निकेतनको जमिनदेखि बाह्रफुट गहिरो जग खनी त्यहीदेखि ढलान गर्दै भवनलाई सकेसम्म संरक्षित पार्ने कसरत गरेका छौं । हामीले आर्थिक रूपमा मितव्ययिता अङ्गाले तापनि निर्माणका क्रममा मन खुलाएर नै खर्च

लगाएका छौं । त्रिमूर्ति निर्माणको लागि पनि खर्च त धेरै नै हो । ढलोटको छ फुट बराबरको मूर्ति बनाउन प्रतिमूर्ति ४ लाख पचास हजारले त्रिमूर्तिका १३ लाख पचास हजार रूपियाँ लागेको थियो भने मूर्तिकार तुलाधारलाई र उनको परिवारलाई विभिन्न आश्वासन र बारम्बार प्रेरित गरेपछि उनीहरूले आ-आफैले काम गरी ज्याला र नाफा लिएनन् र जम्मा पाँचलाख पचासहजार रूपिँया छुट दिए । जसले गर्दा त्रिमूर्ति निर्माणको लागि ८,००,०००।- र त्रिमूर्ति निकेतनको लागि रू.६,७१,३१६।- खर्च लाग्यो ।

**शोधार्थी** :- **त्रिमूर्ति निकेतनको उद्घाटन समारोह कहिले भयो ?**

**नरेन्द्रराज प्रसाई** :- त्रिमूर्ति निकेतनको उद्घाटन समारोह २०६१ साल भदौ ११ गते विधिवत रूपमा भएको हो ।

**शोधार्थी** :- **उद्घाटन समारहेमा ती सालिकको अनावरण कोबाट भएको हो वा उद्घाटन गर्ने को हुन् ?**

**नरेन्द्रराज प्रसाई** :- जोरपाटी स्थित समता शिक्षा निकेतनका पाँच वर्षिया रचना सुब्बा, सङ्गीता आचार्य र प्रमिला विश्वकर्माबाट अत्यन्त भव्य समारोहमाभ्क त्रिमूर्तिको पूर्णकदका सालिकको अनावरण भएको थियो ।

**शोधार्थी** :- **किन उद्घाटनका लागि समता शिक्षा निकेतन जोरपाटीका कन्या रोज्नुभयो त ?**

**नरेन्द्रराज प्रसाई** :- हामीले आर्थिक रूपमा विपन्न त्रिकन्यालाई खोज्दै जाने क्रममा समता शिक्षा निकेतनका पाँच वर्षिया रचना सुब्बा, सङ्गीता आचार्य र प्रमिला विश्वकर्मालाई फेला पार्‍यौ । त्यसैको फलस्वरूप तीनैहरूबाट नै हामीले त्रिमूर्तिको अनावरण गरायौं ।

**शोधार्थी** :- **त्रिमूर्तिको अनावरण कर्तालाई के कस्तो सुविधाको व्यवस्था गर्नुभएको छ त ?**

**नरेन्द्रराज प्रसाई** :- आर्थिक रूपमा विपन्न ती त्रिकन्यालाई स्नातक तहसम्म पढाउने जिम्मा त्रिमूर्ति निकेतनले लिइएको छ । त्यस स्कुलमा धेरै जसो आर्थिक रूपले विपन्न व्यक्तिले अध्ययन गर्दछन् भने त्यस

निकेतनमा एक दुई कक्षा हुँदैन । त्यस निकेतनमा बुद्ध, पृथ्वीनाराण, भानुभक्त आदि विभूतिका नाउँबाट कक्षाको वर्गीकरण गरिएको छ भने त्यस निकेतनमा बाँस र खरहरूले सुसज्जित स-साना झुप्राहरूमा कक्षा सञ्चालन गरिएको छ । साथै त्यस स्कुलका विद्यार्थीले दौरा सुरूवाल र गुन्युचोली पनि लाउनै पर्छ । पोसाकहरू विद्यार्थीले किन्नुपर्दैन स्कुले नै उपहार दिने गर्दछ । किनभने त्यस स्कुलमा आर्थिक रूपले सम्पन्न मान्छेका नानी पढ्दैनन् । उनीहरूको आर्थिक स्थितिको मध्यनजर राख्दै तिनीहरूलाई लुगाफाटो लगायत स्नातक तहसम्मको पढाइको व्यवस्था गरिएको छ ।

**शोधार्थी** :- **त्रिमूर्ति निकेतनबाट सम्मानित व्यक्तिहरू के कति छन्** ?

**नरेन्द्रराज प्रसाई** :- कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकाटाका पूर्णकदका सालिक निर्माणका साथै ती यी स्रष्टाहरूका बहुमुखी योगादनको अनुसन्धानका हेतुले स्थापित त्रिमूर्ति निकेतनको श्रीवृद्धिका लागि दिइएको योगदानको कदर गदै विभिन्न सङ्घसंस्था तथा व्यक्तिहरूमा त्रिमूर्ति सम्मान भनी सम्मान पत्र अर्पित गरिएको छ ।

सम्मानित सङ्घसंस्था तथा व्यक्तिहरूः

१. एकता प्रकाशन (दाता)
२. देरूनिख सार्वजनिक गुठी (दाता)
३. भूपालमान सिंह कार्की प्रज्ञा परिषद् (दाता)
४. सीताराम प्रज्ञाप्रतिष्ठान (दाता)
५. श्री एस. पी कोइराला (विशेष सहयोगी)
६. श्री के के कर्माचार्य (चित्रकार)
७. श्री केशव सुवेदी (विशेष सहयोगी)
८. श्री तेम्बा शेर्पा (इन्जिनियर)
९. श्री बालकृष्ण तुलाधर (मूर्तिकार)
१०. श्रीमती सलोमी तिमोथी लेप्चा (पुस्ताकालय निर्माण)

११. श्रीमती सिन्धु राणा (उद्यान निर्माण)

१२. साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेड (विशेष सहयोगी)

उपर्युक्त सङ्घसंस्थाबाहेक त्रिमूर्तिका छुट्टाछुट्टै तरिकाले जस्तै देवकोटा सम्मान, बालकृष्ण समको पक्षबाट सम्मान र लेखनाथ पौड्यालको पक्षबाट गरी त्रिमूर्तिका आफ्ना आफ्ना क्षेत्रबाट पनि सम्मानित पनि छन् :

**१. देवकोटा विद्वतवृत्ति**

(१) लीलासिंह कर्मा

(२) टुकराज मिश्र

**२. देवकोटा सम्मान**

(१) कृष्णभक्त श्रेष्ठ (२०५७)

(२) मोहन हिमांशु थापा (२०५९)

(३) हरि श्रेष्ठ (२०६०)

(४) वसन्तकुमार शर्मा नेपाल (२०६०)

(५) नगेन्द्र थापा (२०६२)

(६) कालीप्रसाद रिजाल (२०६१)

(७) ईश्वर बल्लभ (२०६३)

(८) भूपेन्द्र श्रेष्ठ (२०६५)

(९) कञ्चन पुडासैनी (२०६६)

३. **बालकृष्ण सम शताब्दी सम्मान**

(१) प्रा.डा. केशव उपाध्याय (२०५९)

(२) हिमांशु थापा (२०६०)

(३) मोहनराज शर्मा (२०६१)

(४) हरिहर शर्मा (२०६२)

(५) डा. हेकी प्रसाद सुवेदी

**४. लेखनाथ पौड्याल सम्मान**

(१) माधव वियोगी (२०६२)

(२) भुवनहरि सिग्देल (२०६३)

(३) पवनकुमार खनाल (२०६४)

(४) डा. बमबहादुर थापा जिताली (२०६५)

(५) दैवज्ञराज न्यौपाने

**शोधार्थी** :- **सम्मान त धेरैलाई गर्नुभएछ भने यस संस्थाका पदाधिकारीहरू के कति छन् ?**

**नरेन्द्रराज प्रसाई** :- झण्डै ३९/४० जति छन्, ती विभिन्न पदमा विभाजित छन् ।

अध्यक्ष - श्रीमती इन्दिरा प्रसाई

संयोजक

लेखनाथ पौड्याल काव्यसभाबाट संयोजक - श्री खनुपूरूदे (रामबाबु)

बालकृष्ण सम फाउण्डेसनबाट संयोजक - प्रा.डा. गार्गी शर्मा

लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान संयोजक - प्रा. ठाकुर पराजुली

त्रिनारीरत्न स्मारक - डा. मोदनाथ प्रश्रित

कोषाध्यक्ष - श्रीमती प्रमिला उप्रेती

सदस्यहरूमा क्रमशः

श्रीमती भुमा कार्की

सुश्री भद्रकुमारी घले

श्री के. के. कर्माचार्य

श्री जीवनशमशेर जबरा

श्री तारानाथ दाहाल

मा. नरहरि आचार्य

**शोधार्थी** : लक्ष्मीप्रसाद देवकोटाको शताब्दी महोत्सवको कुरा सुन्छु यसबारे केही बताइदिनुहुन्छ कि !

**नरेन्द्रराज प्रसाई** : देवकोटा जन्मेको अहिले सय वर्ष पुगेको छ यसैले २०६५ कार्त्तिकबाट शताब्दी महोत्सव मनाउन एउटा समिति गठन गरेका हौं ।

**शोधार्थी** : महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी समारोहमा यहाँ कुन पदमा हुनुहुन्छ ?

**नरेन्द्रराज प्रसाई** : म पहिलादेखि नै सदस्यसचिव बन्दै आएको छु र अहिले पनि म सदस्यसचिव नै भएको छु ।

**शोधार्थी** : महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी समारोह समितिको सदस्य सचिव भएको नाताले सो समितिले गर्ने उल्लेखनीय कार्यहरू छोटकरीमा बताइदिनुहुन्छ कि !

**नरेन्द्रराज प्रसाई** : महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी महोत्सवका मुख्य कार्यहरू यसप्रकार छन् ।

**सम्मान र पुरस्कार**

-1_ नेपाल, भारत, रूस, बेलायतका १२ जना व्यक्तित्वहरूलाई भएको मरणोपरान्त देवकोटा शताब्दी महासम्मान समर्पण गर्ने ।

-2_ नेपालका १३९ जना स्रष्टाहरूलाई देवकोटा शताब्दी सम्मान समर्पण गर्ने ।

-3_ भारतका ३३ जना स्रष्टालाई देवकोटा शताब्दी सम्मान समर्पण गर्ने ।

-4_ हङकङ, जापान, दुबई, बेल्जियम, रूस, बेलायत, अमेरिका गएर नेपाली भाषाको सेवा गर्ने ८ जना नेपालीलाई देवकोटा शताब्दी सम्मान समर्पण गर्ने ।

-5_ चीन, पाकिस्तान, म्यान्मार, जापान, बेलायत, अमेरिका आदि राष्ट्रका नेपाली भाषाको सेवा गर्ने १३ स्रष्टालाई देवकोटा शताब्दी सम्मान समर्पण गर्ने ।

-6_ प्रतियोगितात्मक काव्य सम्मेलनबाट छानिएका १० जनालाई जनही दस हजार रूपिँया राशिसहित देवकोटा शताब्दी काव्य पुरस्कार समर्पण गर्ने ।

-7_ प्रतियोगितात्मक चित्रकला प्रदर्शनीबाट छानिएका १० जनालाई जनही दश हजार रूपिँया राशिसहित देवकोटा शताब्दी चित्रकला पुरस्कार समर्पण गर्ने ।

-8_ देवकोटा शताब्दी चित्रकला सम्मान दस हजार रूपिँया राशिसहित १ जनालाई

-9_ प्रतियोगितात्मक स्नातकोत्तर स्तरीय निबन्ध सम्मेलनबाट छानिएका ५ जनालाई जनही दस हजार रूपिँया रााशिसहित देवकोटा शताब्दी निबन्ध पुरस्कार समर्पण गर्ने ।

-10_ प्रतियोगितात्मक काठमाडौं उपत्यका स्कुल स्तरीय कविता प्रतियोगिताबाट छानिएका दस जनालाई जनही पाँच हजार रूपिँया राशिसहित देवकोटा शताब्दी बाल काव्य पुरस्कार समर्पण गर्ने ।

-11_ प्रतियोगितात्मक काठमाडौं उपत्यका स्कुल स्तरीय चित्रकला प्रतियोगिताबाट छानिएका दस जनालाई जनही पाँच हजार रूपिँया राशिसहित देवकोटा शताब्दी बाल चित्रकला पुरस्कार समर्पण गर्ने ।

**कार्यक्रमहरू**

-1_ देवकोटा शताब्दी अन्तर्राष्ट्रिय साहित्य सम्मेलन (२०६६ चैत्र ५-९ गते)

-2_ देवकोटा शताब्दी काव्य महोत्सव

-3_ देवकोटाको शताब्दी चित्रकला महोत्सव

-4_ कान्तिपुर रेडियोमा देवकोटा विषयक हरेक हप्ता कार्यक्रम सञ्चालन

-5_ अन्नपूर्ण पोष्ट दैनिकमा हरेक हप्ता देवकोटा विषयक लेख प्रकाशन

-6_ नारीस्वरमा देवकोटाका कवितावाचन

-7_ साहित्यिक राजनेताको समालोचनात्मक, गोष्ठी

-8_ देवकोटा शताब्दी नामक दशवटा कृति प्रकाशन

-9_ देवकोटा शताब्दी नामक कविता कृति प्रकाशन

-10_ देवकोटा शताब्दी नामक निबन्ध कृति प्रकाशन

-11_ नारीस्वरमा देवकोटाका कविता सिडी प्रकाशन

-12_ देवकोटाको जीवनीको सिडी प्रकाशन

-13_ देवकोटा शताब्दी काठमाडौं उपत्यका स्कुल स्तरीय चित्रकला प्रतियोगिता

-14_ देवकोटा शताब्दी काठमाडौं उपत्यका स्कुल स्तरीय कविता प्रतियोगिता

## सन्दर्भग्रन्थसूची

### १. पुस्तकसूची

परजुली, ठाकुर, **त्रिमूर्ति गाथा,** काठमाडौंः त्रिमूर्ति निकेतन, २०६२

प्रसाई, नरेन्द्र र इन्दिरा, **एउटा अमर प्राज्ञ बालकृष्ण सम**, काठमाडौंः नई प्रकाशन, २०६१

प्रसाई, इन्दिरा, **त्रिमूर्ति निकेतन**, प्रकाशन, त्रिमूर्ति निकेतन, सम्पादक इन्दिरा प्रसाई, २०६१

लुइटेल खगेन्द्रप्रसाद, **नेपाली कवि र कविता** काठमाडौंः विभुत्रृभु प्रकाशन, २०५४


### २. पत्रपत्रिका सूची

चौधरी, वसन्तकुमार, 'जिउँदो उदाहरण' **जनधारणा साप्ताहिक,** २०६१ चैत्र ४ गते

नयाँघरे, युवराज, 'आस्थाको नमूना', **जनभावना साप्ताहिक,** २०६१ भदौ १४ गते

यात्रु, कुमार, 'साहित्यिक त्रिलोकेश' **राजधानी दैनिकी,** २०६१ भदौ ११गते

वल्लभ, ईश्वर, 'उदाहरणीय इतिहास' **कान्तिपुर दैनिक,** २०६१